
# परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ



God loves you
EV0600
Nepali

GOD LOVES YOU 'Nepah'

# परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ

लेखकः कार्मेल आर. फिल्ड

अनुवादकः बाल कृष्ण शर्मा

कविता प्रार्थनाः एल. जेटर वाकर

इन्टरनेशनल करेस्पोण्डेन्स इन्स्टिटच्यूट

The Assembly of God Church
Post Box - 26
DARJEELING - 734 101

EV6000-NE

# विषय सूची


पाठ पृष्ठ

१. परमेश्वरले तपाईंलाई चिन्नुहुन्छ र प्रेम गर्नुहुन्छ .... ७
२. तपाईं बस्नुभएको संसार परमेश्वरले बनाउनुभएको हो .................... १३
३. परमेश्वरले तपाईंलाई बनाउनुभयो ............ १९
४. परमेश्वरले तपाईंलाई सहायता गर्नुहुन्छ, असल हुनुहोस् .................. २५
५. अरूहरूसँग तपाईंले कसरी व्यवहार गर्नुहुन्छ, परमेश्वरले त्यसको वास्ता राख्नुहुन्छ .......... ३१
६. परमेश्वरले तपाईंलाई स्वर्गमा लानुहुन्छ ......... ३७
७. परमेश्वरले तपाईंलाई बचाउनुहुन्छ .......... ४३
८. परमेश्वरले तपाईंलाई हेरचाह गर्नुहुन्छ ......... ४९
९. परमेश्वरले तपाईंको प्रार्थना सुन्नुहुन्छ .......... ५५
१०. परमेश्वरले तपाईंलाई अगुवाइ गर्नुहुन्छ ......... ६१
११. परमेश्वरले तपाईंलाई उद्धार गर्नको निम्ति आफ्नो थुमा पठाउनुभयो ............... ६७
१२. परमेश्वरले तपाईंलाई क्षमा गर्नुहुन्छ र सहायता गर्नुहुन्छ ................ ७३
१३. परमेश्वर तपाईंसँग हुनुहुनेछ ............ ७९
१४. तपाईंले परमेश्वरलाई अझै चिन्नसक्नुहुनेछ ...... ८५

**प्रिय विद्यार्थी,**





हामी तपाईंलाई
आई. सी. आई.
परिवारमा स्वागत गर्छौं।



संसारका धेरै देशमा भएका केटा र केटीहरूले यिनै पाठ अध्ययन गरिरहेका छन्। तिनीहरूका साथसाथै तिनीहरूका आमा बाबु र दाजु, दिदीहरूले पनि यी पाठहरू अध्ययन गरिरहेका छन्। किन? किनभने धेरै वर्ष पहिले भएका यी महान् व्यक्तिहरूका बारेमा पढ्न उनीहरूलाई चाख लाग्छ। र प्रत्येक पाठका चित्रहरूमा हेरी तपाईंलाई सोधिएका उत्तरहरू लेख्नु पनि चाखलाग्दो कुरानै हो।



तपाईंले यी पाठहरू मनपराउनुको मुख्य कारण तपाईंले यसबाट परमेश्वरको बारेमा सिक्नुहुनेछ। तपाईंले पढ्नु हुने मानिसहरूलाई परमेश्वरले प्रेम गर्नुभएको थियो भन्ने कुरा थाह पाउनुहुनेछ। उहाँले तिनीहरूका निम्ति अचम्मको काम गर्नुभयो। उहाँले तपाईंलाई कति धेरै प्रेम गर्नुहुन्छ र तपाईंको निम्ति कति अचम्मको काम गर्नुहुन्छ सो जान्नुहुनेछ।



पाठहरू बुझ्नलाई सजिला छन्।
यहाँ उल्लेखित मानिसहरूलाई
तपाईंले बाइबलमा
पढ्नसक्नुहुन्छ।
सरल भाषामा पाठहरू
लेखिएका छन्।



यदि तपाईंका केही प्रश्नहरू छन् भने उत्तरपृष्ठ फर्काई पठाउँदा ती प्रश्नहरू पनि साथै पठाउनु होला। यस विषयमा तपाईंलाई सहयोग गर्न हामी खुशी हुनेछौं।

पाठ १


# परमेश्वरले तपाईंलाई चिन्नुहुन्छ र प्रेम गर्नुहुन्छ



**परमेश्वरको बारेमा यो सिक्नुहोस्**

परमेश्वरको एक पुस्तक छ, जसलाई बाइबल
वा पवित्र बाइबल भनिन्छ।
परमेश्वरले आफ्नो बारेमा बाइबलमा तपाईंलाई बताउनुहुन्छ।
परमेश्वर सधैंभरि हुनुहुन्छ र सधैंभरि हुनुहुनेछ।
परमेश्वर सबै ठाउँमा हुनुहुन्छ र सबै कुरा जान्नुहुन्छ।
परमेश्वरले जे पनि गर्न सक्नुहुन्छ, उहाँले सारा
विश्व सृष्टि गर्नुभयो।
परमेश्वरले तपाईंलाई बनाउनुभयो। उहाँले तपाईंलाई
चिन्नुहुन्छ र प्रेम गर्नुहुन्छ।
परमेश्वर असल हुनुहुन्छ। जब तपाईंले उहाँलाई चिन्नुहुन्छ,
उहाँलाई प्रेम गर्नुहुनेछ।

यसलाई बाइबलबाट चर्को स्वरले
पाँचपल्ट पढ्नुहोस्।




**परमेश्वर प्रेम हुनुहुन्छ। हामी प्रेम गर्दछौं, किनभने पहिले परमेश्वरले हामीलाई प्रेम गर्नुभयो।**
**१ यूहन्ना ४:१६, १९**

## के तपाईं यो गर्न सक्नुहुन्छ?

तल सोधिएका प्रश्नहरूको जवाफ दिनुहोस्

१. किन हामी परमेश्वरलाई प्रेम गर्छौं? किनभने ......................

..............................................................................


२. कुन पुस्तकले तपाईंलाई परमेश्वरको बारेको सत्यता बताउँछ?

..............................................................................

**परमेश्वर कस्तो हुनुहुन्छ? बाइबलले तपाईंलाई बताउँछ।**

• देखि • सम्म यसरी सबै शब्दहरूको मुनि धर्को तान्नुहोस्।

•परमेश्वर सधैं हुनुहुन्छ र सधैंभरि हुनुहुनेछ •
संसार हुनुभन्दा पहिले,
आकाश र बादल हुनुभन्दा पहिले,
•सूर्य, चन्द्र र ताराहरू हुनुभन्दा पहिले, त्यहाँ
परमेश्वर हुनुहुन्थ्यो। •





**परमेश्वरले जे पनि गर्न सक्नुहुन्छ, उहाँले विश्वलाई बनाउनुभयो।**

परमेश्वरले चट्टान र पहाडहरू बनाउनुभयो। परमेश्वरले पोखरी र खोलाहरू बनाउनुभयो। परमेश्वरले रूख र फूलहरू बनाउनुभयो। परमेश्वरले पशुहरू र मानिसहरूलाई बनाउनुभयो। •परमेश्वरले तपाईंलाई बनाउनुभयो। •



**परमेश्वर सबै ठाउँमा हुनुहुन्छ भनी बाइबलले तपाईंलाई बताउँछ।**



तपाईंले सास फेर्ने हावाजस्तै
परमेश्वर तपाईंको चारैतर्फ
हुनुहुन्छ।
तपाईं हावालाई देख्न सक्नुहुन्न।
तपाईं परमेश्वरलाई देख्न सक्नुहुन्न।
तर परमेश्वरले तपाईंलाई देख्न सक्नुहुन्छ।
परमेश्वरले तपाईंको कुरा सुन्नुहुन्छ।
परमेश्वर तपाईंसँग बोल्न सक्नुहुन्छ।
परमेश्वरले तपाईंलाई चिन्नुहुन्छ र प्रेम गर्नुहुन्छ।

**परमेश्वरले सबै कुरा जान्नुहुन्छ भनी बाइबलले तपाईंलाई बताउँछ।**
तपाईंले गर्नुभएका सबै काम परमेश्वरले देख्नुहुन्छ।
तपाईंले भन्नुभएका सबै कुरा परमेश्वरले सुन्नुहुन्छ।
• तपाईंले विचार गर्नुभएका र अनुभव गर्नुभएका सबै कुरा
परमेश्वरले जान्नुहुन्छ। •
तपाईंको निम्ति जे असल छ सो परमेश्वरलाई थाह
छ। परमेश्वरलाई सबै कुराको सत्यता थाह छ।
परमेश्वरले बाइबलमा तपाईंलाई
सत्यता बताउनुहुन्छ।









**परमेश्वरले तपाईंलाई जसरी बनाउनुभएको छ त्यसैगरी उहाँले तपाईंलाई प्रेम गर्नुहुन्छ।**

कसैको कपाल गुङ्रूङ परेको हुन्छ। कोही व्यक्तिहरूको ठाडो कपाल हुन्छ।

कोही मानिसहरू पुड्का र मोटा हुन्छन्।
कोही मानिसहरू अग्ला र दुब्ला हुन्छन्।
यो कुरा त्यति महत्वपूर्ण होइन।
•तपाईं जस्तो हुनुहुन्छ त्यही अवस्थामानै परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ। •

तलको खाली ठाउँमा आफ्नो नाम लेख्नुहोस्। परमेश्वरले ........................................................ लाई प्रेम गर्नुहुन्छ।

**परमेश्वर असल हुनुहुन्छ भनी बाइबलले तपाईंलाई बताउँछ।**



परमेश्वरले तपाईंलाई सहायता गर्न चाहनुहुन्छ।
परमेश्वरले तपाईंलाई स्वस्थ र आनन्दित बनाउन चाहनुहुन्छ।
परमेश्वरले तपाईंलाई बुद्धिमान् र बलियो बनाउन चाहनुहुन्छ।
परमेश्वरले तपाईंलाई असल र सहयोगी बनाउन चाहनुहुन्छ।

**जब तपाईंले परमेश्वरलाई चिन्नुहुन्छ, तपाईंले उहाँलाई प्रेम गर्नुहुन्छ।**

परमेश्वरले जसरी तपाईंलाई प्रेम गर्नुहुन्छ तपाईंले पनि त्यसैगरी उहाँलाई प्रेम गर्न सक्नुभएको होस् भनी उहाँ चाहनुहुन्छ।

परमेश्वरलाई चिन्न र उहाँलाई प्रेम गर्न यी पाठहरूले तपाईंलाई सहयोग गर्छन्।

के तपाईं परमेश्वरलाई चिन्न चाहनुहुन्छ?..............................

के तपाईं स्वस्थ र आनन्दित हुन चाहनुहुन्छ?........................

के तपाईं बुद्धिमान् र बलियो हुन चाहनुहुन्छ?.........................

के तपाईं असल र सहयोगी हुन चाहनुहुन्छ?..........................

तपाईं परमेश्वरसँग बोल्न सक्नुहुन्छ।
परमेश्वर तपाईंसँग हुनुहुन्छ र तपाईंको कुरा सुन्नुहुन्छ।
प्रार्थना भनेको परमेश्वरसँग कुराकानी गर्नु हो।
यो तलको प्रार्थना सिक्नुहोस् र यसलाई
परमेश्वरको अगाडि भन्नुहोस्।

**प्रार्थना**

परमेश्वर म तपाईंलाई चिन्न चाहन्छु।
जसरी तपाईंले मलाई प्रेम गर्नुभयो,
त्यसैगरी तपाईंलाई पनि प्रेम गर्न चाहन्छु।
परमेश्वर, मलाई यी पाठहरू सिक्नलाई
सहायता गर्नुहोस्, र जस्तो म हुनुपर्ने हो,
त्यस्तै व्यक्ति मलाई बनाउनुहोस्।
आमिन।



**प्रश्नका उत्तरहरू**

१. उहाँले पहिले प्रेम गर्नुभयो        २. पवित्र बाइबल

के तपाईंले खाली ठाउँमा यिनै उत्तरहरू लेख्नुभयो?

# पाठ २

# तपाईं बस्नुभएको संसार परमेश्वरले बनाउनुभएको हो



**परमेश्वरको बारेमा यो सिक्नुहोस्।**

परमेश्वरले कसैले गर्न नसक्ने काम गर्नुहुन्छ।
परमेश्वरले सृष्टि गर्न सक्नुहुन्छ - उहाँले शून्यताबाट केही बनाउन सक्नुहुन्छ।
परमेश्वरले ६ दिनमा सारा संसारलाई सृष्टि गर्नुभयो।
परमेश्वरले तपाईंको निम्ति असल संसारको सृष्टि गर्नुभयो।
परमेश्वरले ६ दिन काम गर्नको लागि र एक दिन आराम गर्नको लागि बनाउनुभयो।
परमेश्वरले संसार कसरी सृष्टि गर्नुभयो सो कुरा उत्पत्तिको पुस्तकमा बताइएको छ।
उत्पत्ति परमेश्वरको पुस्तक बाइबलको पहिलो भाग हो।




यसलाई बाइबलबाट चर्को स्वरले पाँचपल्ट पढ्नुहोस्।

**आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो।**
**उत्पत्ति १:१**

## के तपाईं यो गर्न सक्नुहुन्छ?

तलको खाली ठाउँमा ठीक उत्तर लेख्नुहोस्।

१. कसैले गर्न नसक्ने के काम परमेश्वरले गर्न सक्नुहुन्छ।

उहाँले.......................................................गर्न सक्नुहुन्छ।

२. परमेश्वरले संसार बनाउनुभयो भनी उहाँले कुन पुस्तकमा बताउनुभएको छ?...........................................................

## परमेश्वरले ६ दिनमा संसार बनाउनुभयो

परमेश्वरले मानिसहरू बस्नको निम्ति एक अचम्मको
संसारको योजना गर्नुभयो।
शुरूमा पृथ्वीको कुनै आकारनै थिएन।
पृथ्वी अन्धकार रातजस्तै अँध्यारो थियो।
तब परमेश्वरले काम गर्नुभयो र पृथ्वीले रूप लियो।
परमेश्वर बोल्नुभयो र त्यहाँ उज्यालो भयो।
प्रत्येक समय जब परमेश्वर बोल्नुभयो तब केही
कुराहरूको सृष्टि भयो।

परमेश्वरले संसारलाई सृष्टि गरिरहनुभएको छ भन्ने घटनालाई हेरिरहेको छु भनी कल्पना गर्नुहोस्। • देखि • सम्म भएका सबै शब्दहरूका मुनि धर्को तान्नुहोस्।
यी घटनाहरूलाई बाइबलको पहिलो भाग उत्पत्तिमा पाउनसकिन्छ।

### पहिलो दिन



• परमेश्वरले भन्नुभयो,
"उज्यालो होस्।" •

**परमेश्वरले दिन र रात बनाउनुभयो।**

## दोस्रो दिन



• परमेश्वरले भन्नुभयो, "पानीका बीचमा एक अन्तर होस् र त्यसले पानी र आकाशलाई दुई भाग गरोस्।" •

**परमेश्वरले पानीबाट आकाश अलग पार्नुभयो।**

## तेस्रो दिन



• परमेश्वरले भन्नुभयो, "आकाशमुनि भएको पानी एक ठाउँमा जम्मा होस्।" •

**परमेश्वरले पृथ्वी, समुद्र, रूखहरू र फूलहरू बनाउनुभयो।**


## चौथो दिन



• परमेश्वरले भन्नुभयो, "आकाशमा चम्किला ज्योतिहरू होऊन्।" •

**परमेश्वरले सूर्य, चन्द्र र ताराहरू बनाउनुभयो।**

## पाँचौ दिन



• परमेश्वरले भन्नुभयो, "पानीमा जीवित जन्तुहरू प्रशस्त गरी भरिऊन्। अनि पक्षीहरू चाहिँ पृथ्वीमाथि आकाशको अन्तरमा उडून्।" •

**परमेश्वरले माछाहरू र चराचुरूङ्गीहरूलाई बनाउनुभयो।**

## छैटौं दिन



• परमेश्वरले भन्नुभयो, "पृथ्वीले जात-जातका जीवित प्राणीहरू उत्पन्न गरोस्।" •

**परमेश्वरले सबै जनावरहरूलाई बनाउनुभयो।**



• परमेश्वरले भन्नुभयो, "मानिसलाई हाम्रै स्वरूपमा बनाऔं।" •

**परमेश्वरले पहिलो मानिस र स्वास्नीमानिसलाई बनाउनुभयो।**

**तपाईं बस्नको निम्ति परमेश्वरले एक असल संसार बनाउनुभएको छ।**

आफूले बनाउनुभएका सबै थोक परमेश्वरले हेर्नुभयो। सबै थोक असल थियो। संसार सुन्दर थियो। परमेश्वर अत्यन्तै खुशी हुनुभयो।



**परमेश्वरले ६ दिन काम गर्ने एक दिन आराम गर्नको लागि बनाउनुभयो।**

सातौं दिनमा परमेश्वरले विश्राम गर्नुभयो। उहाँले सातौं दिनलाई विश्रामको दिनको रूपमा बनाउनुभयो।
परमेश्वरले हाम्रो निम्तिनै विश्रामको दिन बनाउनुभएको हो। हप्तामा ६ दिन हामी काम गर्छौं। सातौं दिनमा हामी विश्राम लिन्छौं। हाम्रो विश्रामको दिनमा हामी परमेश्वरको घरमा जान्छौं। के तपाईं पनि परमेश्वरको घरमा जानुहुन्छ?



परमेश्वरको घरमा हामी परमेश्वरसँग बोल्छौं र
उहाँको बारेमा सिक्छौं।
हामी प्रार्थना गर्दा घरमा पनि परमेश्वरसँग बोल्छौं।

के तपाईं परमेश्वरले यो सुन्दर संसार
बनाउनुभएकोमा खुशी हुनुहुन्छ?
के परमेश्वरले तपाईंलाई बनाउनुभएकोमा उहाँलाई
धन्यवाद दिनुभएको छ?
यो प्रार्थना सिक्नुहोस् र परमेश्वरको अगाडि भन्नुहोस्।

**प्रार्थना**

परमेश्वर, सारा संसारको लागि म
तपाईंलाई धन्यवाद चढाउँछु। मैले
देखेका सबै थोकहरू तपाईंले
बनाउनुभएको हो। तपाईंले काम गर्ने
दिनहरू र विश्रामको दिन पनि
बनाउनुभयो। तपाईंले मलाई
बनाउनुभएको लागि पनि म
तपाईंलाई धन्यवाद चढाउँछु।
आमिन।



**प्रश्नका उत्तरहरू**

१. सृष्टि    २. उत्पत्ति

के तपाईंले खाली ठाउँमा यिनै उत्तरहरू लेख्नुभयो?

पाठ ३

# परमेश्वरले तपाईंलाई बनाउनुभयो



**परमेश्वरको बारेमा यो सिक्नुहोस्।**

परमेश्वरले पहिलो मानिस र स्वास्नीमानिसलाई आफ्नै स्वरूपमा बनाउनुभयो।
परमेश्वरले तिनीहरूलाई आफ्ना सन्तान भएका चाहनुहुन्थ्यो।
परमेश्वरले आफ्ना छोरा-छोरीहरूलाई माया गर्नुहुन्छ र तिनीहरूको हेरचाह गर्नुहुन्छ।
परमेश्वरले तपाईंलाई पनि बनाउनुभयो र तपाईं उहाँको बालक भएको उहाँ चाहनुहुन्छ।
परमेश्वरले चाहनुभएको काम गर्नाले तपाईं आनन्दित हुन सक्नुहुन्छ।




यसलाई बाइबलबाट चर्को स्वरमा पाँचपल्ट पढ्नुहोस्।

**परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनका नाकमा जीवनको सास फुकिदिनुभयो र मानिस जीवित प्राणी भयो।**
**उत्पत्ति २:७**

## के तपाईं यो गर्न सक्नुहुन्छ?

तलको खाली ठाउँमा ठीक उत्तर लेख्नुहोस्

१. परमेश्वरले पहिलो मानिसको शरीर केबाट बनाउनुभयो?

..........................................................................................


२. परमेश्वरले तपाईं के भएको चाहनुहुन्छ?..............................

**परमेश्वरले पहिलो मानिसलाई आफ्नै स्वरूपमा बनाउनुभयो।**

• देखि • का सबै शब्दहरूको मुनि धर्को तान्नुहोस्।

परमेश्वरले पहिलो मानिसलाई भूमिको माटोबाट बनाउनुभयो।
परमेश्वरले मानिसमा आफ्नो जीवन्को सास फुकिदिनुभयो।
परमेश्वरले पहिलो मानिसलाई आदम भन्ने नाम दिनुभयो।
• आदममा परमेश्वरका विभिन्न गुणहरू थिए। •

आदम  हेर्न र  सुन्न सक्थे।

आदम  हिँडन र  बोल्न सक्थे।

आदम काम गर्न  र खेल्न सक्थे।

आदम विचार गर्न र अनुभव गर्न सक्थे।
परमेश्वरले आदमलाई प्रेम गरे जस्तै उनी पनि
परमेश्वरलाई प्रेम गर्न सक्थे।
• आदम परमेश्वरका बालक थिए। •

**परमेश्वरले आदमलाई प्रेम गर्नुभयो र उनको हेरचाह गर्नुभयो।**



परमेश्वरले आदमको निम्ति एक सुन्दर बगैंचामा घर बनाउनुभयो। उहाँले यसलाई अदनको बगैंचा भन्नुभयो। त्यहाँ छायाँदिने रूख र चम्किला फूलहरू थिए। हरियो भूमि र चिसो पानीका खोला र सुन्दर चराहरू र मिलनसार जनावरहरू त्यहाँ थिए। त्यहाँ खानको लागि मीठा फलहरू थिए।

• परमेश्वरले बनाउनुभएको सबै थोक असल थियो। •

आदम एक सिद्ध संसारमा जिउँथे।

• परमेश्वरले आदमलाई काम दिनुभयो। •

परमेश्वरले आदमको हातको लागि काम दिनुभयो। उनी सुन्दर बगैंचाको हेरचाह गर्थे। परमेश्वरले आदमको मगजको लागि काम दिनुभयो। आदमले सबै जनावरहरू र चराहरूको नाम राखे। ठीक काम गर्नको लागि परमेश्वरले आदमलाई सहायता गर्नुभयो।



• परमेश्वरले उनलाई भन्नुभएको कुरा गर्न पाउँदा आदम धेरैनै खुशी थिए। •


आदमले परमेश्वरलाई खुशी तुल्याउन चाहन्थे र उनले खुशी पनि तुल्याए।

हरेक दिन परमेश्वर बगैंचामा आउनुभयो। परमेश्वर र आदम एक अर्कासँग कुरा गर्थे। परमेश्वर र आदमले एक अर्कासँग प्रेम गर्थे।




आदमले मिलनसार जनावरहरूलाई मनपराउँथे। आदमले सुन्दर चराहरूलाई पनि मनपराउँथे।
आदम परमेश्वरसँग कुराकानी गर्न मनपराउँथे।
तर आदमलाई अर्कै कुराको खाँचो थियो। आदमलाई के खाँचो छ भन्ने कुरा परमेश्वरलाई थाह थियो।
• आफ्ना छोरा-छोरीहरूलाई के कुराको खाँचो छ भनी परमेश्वर सधैंभरि जान्नुहुन्छ। •

परमेश्वरले आदमलाई मस्त निद्रामा पार्नुभयो। परमेश्वरले आदमको एउटा करङ झिक्नुभयो। त्यस करङबाट परमेश्वरले एक स्त्री बनाउनुभयो। तिनी आदमकी सहयोगी बनून् र आदमलाई खुशी पारून् भनेर तिनलाई बनाइएको थियो।



परमेश्वरले आदमलाई निद्राबाट बिउँझाउनुभयो र उनको अगाडि त्यस स्त्रीलाई राखिदिनुभयो। परमेश्वरले आफूलाई दिनुभएको स्त्रीलाई आदमले माया गरे। आदमले तिनको नाम हव्वा राखे। हव्वा आदमकी पत्नी बनिन्। आदम र हव्वा संसारमा पहिला मानिसहरू थिए।

आदम र हव्वा अदनको बगैंचामा एकैसाथ खुशीसँग रहन्थे।
तिनीहरू एक अर्कालाई पनि प्रेम गर्थे।
तिनीहरू परमेश्वरलाई प्रेम गर्थे।
• आदम र हव्वा एकैसाथ परमेश्वरसँग हिँड्थे र कुरा गर्थे। •

**परमेश्वरले तपाईंलाई पनि बनाउनुभयो र तपाईं उहाँको बालक भएको उहाँ चाहनुहुन्छ।**

परमेश्वरले आदमलाई बनाएजस्तै तपाईंलाई एक परिपक्व अवस्थामा बनाउनुभएन। परमेश्वरले तपाईंलाई पहिले बालक बनाउनुभयो। तपाईंको हेरचाह गर्नको निम्ति उहाँले तपाईंको लागि बाबु, आमा दिनुभयो।

• परमेश्वरले आदमलाई जति प्रेम गर्नुभयो उहाँले तपाईंलाई पनि त्यतिनै प्रेम गर्नुहुन्छ। परमेश्वर तपाईंका बाबु हुन चाहनुहुन्छ। •

**तपाईं खुशी भएको परमेश्वर चाहनुहुन्छ।**

तपाईंले गर्नुपर्ने काम पनि छ - तपाईंको हात र मगजको लागि काम। आफ्नो काम राम्रोसँग गर्ने कोशिश गर्नुहोस्।



आदमले गरे जस्तै परमेश्वरलाई खुशी तुल्याउने कोशिश गर्नुहोस्।

•परमेश्वरले चाहनुभएको कुरा गर्नपाउँदा तपाईं खुशी हुनुहुनेछ। •

के परमेश्वरले तपाईंको काममा सहायता गरेको तपाईं चाहनुहुन्छ? यो तलको प्रार्थनालाई कण्ठ गर्नुहोस् र हरेक बिहान परमेश्वरलाई भन्नुहोस्।

**प्रार्थना**

हे परमेश्वर, काम र खेलको निम्ति तपाईंलाई धन्यवाद, मेरो प्रार्थना छ, मेरो काममा सहायता गर्नुहोस्। परमेश्वर, मैले गर्ने सबै काममा र मैले बोल्ने सबै कुरामा तपाईंलाई खुशी तुल्याउन मलाई सहायता गर्नुहोस्।

आमिन।



**प्रश्नका उत्तरहरू**

१. भूमिको माटो     २. उहाँको बालक

के तपाईंले खाली ठाउँमा यिनै उत्तरहरू लेख्नुभयो?


पाठ ४

# परमेश्वरले तपाईंलाई सहायता गर्नुहुन्छ, असल हुनुहोस्।



**परमेश्वरको बारेमा यो सिक्नुहोस्**

परमेश्वरले आफ्ना छोरा-छोरीहरूलाई ठीक गर्न सिकाउनुहुन्छ।
परमेश्वरको शत्रुले मानिसहरूलाई पाप गर्न लगाउँछ।
पापले आदम र हव्वालाई परमेश्वरबाट अलग गराएको थियो।
परमेश्वरले गलती गर्नेहरूलाई पनि अझै प्रेम गर्नुहुन्छ।
तपाईंले के गर्नुपर्छ भन्ने कुरा परमेश्वरले
बाइबलमा बताउनुभएको छ।




यसलाई बाइबलबाट चर्को स्वरले
पाँचपल्ट पढ्नुहोस्।

**परमप्रभु परमेश्वरले मानिसलाई यो आज्ञा दिनुभयो, "बगैंचाका सबै रूखका फल तैंले संकोच नमानी खाए हुन्छ, तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तैंले त्यो खान्छस् त्यसै दिन तँ मर्नेछस्।" उत्पत्ति २:१६, १७**

## ठीक उत्तरको वरिपरि घेरा लगाउनुहोस्।

१. परमेश्वरले आफ्ना छोरा-छोरीहरू कस्तो भएको चाहनुहुन्छ?
**क**. असल **ख**. खराब

२. के कुराले आदमलाई परमेश्वरबाट अलग पाऱ्यो?
**क**. प्रेम **ख**. पाप

३. गलती गर्नेहरूलाई परमेश्वरले के अझै प्रेम गर्नुहुन्छ?
**क**. हो, प्रेम गर्नुहुन्छ **ख**. होइन, प्रेम गर्नुहुन्न

## तपाईंले सिक्नुपर्ने शब्दहरू

**पाप** भनेको परमेश्वरको आज्ञा भङ्ग गर्नु वा गलती काम गर्नु हो।
**पापहरू** एक व्यक्तिले गरेका वा भनेका खराब कुराहरू हुन्।
**दुष्टता** भनेको खराब हो।
**दुष्ट** परमेश्वरको शत्रु हो र त्यसले मानिसहरूलाई पाप गर्न लगाउँछ।
**शैतान** भनेको दुष्टको अर्को नाम हो।

**परमेश्वरले आफ्ना छोरा-छोरीहरूलाई ठीक गर्न सिकाउनुहुन्छ।**
• देखि • का सबै शब्दहरूका मुनि धर्को तान्नुहोस्।



आदम र हव्वा एक सिद्ध संसारमा जिएका थिए। परमेश्वरले बनाउनुभएको सबै थोक असल थियो। आदम र हव्वा पनि असल थिए। परमेश्वरले आफैजस्तै तिनीहरूलाई पनि असल बनाउनुभएको थियो।



• आदम र हव्वाले गर्नु पर्ने कुरा
परमेश्वरले बताउनुभयो।
तिनीहरूले गर्नु नहुने कुरा
पनि परमेश्वरले बताउनुभयो। •
कुनै एक विशेष रूखको फल
नखानू भनी परमेश्वरले
भन्नुभएको थियो।
• तिनीहरूले त्यो फल खाएमा
तिनीहरू मर्नेछन् भनी उहाँले
चेतावनी दिनुभएको थियो। •

परमेश्वरले आदम र हव्वालाई प्रेम गर्नुभयो, तिनीहरूले ठीक गरेको उहाँ चाहनुहुन्थ्यो। तिनीहरू मरेको उहाँ चाहनुहुन्नथ्यो।

**परमेश्वरको शत्रुले मानिसहरूलाई पाप गर्न लगाउँछ।**

परमेश्वरको एक शत्रु छ जसलाई दुष्ट वा शैतान भनिन्छ।
परमेश्वरले मानिसहरूलाई असल हुन र ठीक काम
गर्न सहायता गर्नुहुन्छ।
दुष्टले मानिसहरूलाई गलती काम गराउने कोशिश गर्छ।



एक दिन दुष्ट अदनको बगैंचामा आयो। हव्वासँग बोल्नको निम्ति दुष्टले साँपको रूप लिएको थियो। परमेश्वरले आदम र हव्वालाई नखानू भनी आज्ञा गर्नुभएको फल साँपले हव्वालाई देखायो।
दुष्टले हव्वासँग झूटो कुरा बोल्यो,
"त्यो फल खाऊ र तिमी कदापि मर्नेछैनौ,
र तिमी परमेश्वर जस्तै बुद्धिमति हुनेछयौ।"

•आफूले परमेश्वरको आज्ञा पालन गर्नुपर्छ भन्ने कुरा हव्वालाई थाह थियो। •
तर तिनले दुष्टको भूटो कुरालाई पत्याइन्। परमेश्वरले नखानू भनेको फलबाट हव्वाले केही भाग खाइन्। हव्वाले आदमलाई पनि दिइन् र उनले पनि खाए। यसरी आदम र हव्वा दुवैले पाप गरे। त्यसपछि अझै डरलाग्दो घटना भयो।

परमेश्वर

पाप



**पापले आदम र हव्वालाई अलग पार्‍यो।**

आदम र हव्वाले सधैँभरि परमेश्वरलाई प्रेम गरेका थिए तर अब तिनीहरू उहाँसँग डराए।
•आफूले भूल गरेको हो भन्ने कुरा तिनीहरूलाई थाह थियो। •
तिनीहरूले परमेश्वरबाट लुक्ने कोशिश गरे। तिनीहरू नाङ्गै थिए र लज्जाए। तिनीहरूले आफ्नो लागि पातका लुगाहरू बनाए। तर ती लुगाहरू कामै नलाग्ने थिए।

**गलती गर्नेहरूलाई पनि परमेश्वरले अझै प्रेम गर्नुहुन्छ।**

• कोही पनि परमेश्वरबाट लुक्नसक्तैन। • आदम र हव्वाले गरेको काम परमेश्वरले देख्नुभयो। तरै पनि परमेश्वरले तिनीहरूलाई प्रेम गर्नुभयो। उहाँले तिनीहरूका लागि जनावरको छालाबाट लुगा बनाइदिनुभयो।

परमेश्वरले आदम र हव्वासँग तिनीहरूका पापको बारेमा कुरा गर्नुभयो। तिनीहरूले भूल गरेको हुनाले परमेश्वरले तिनीहरूलाई दण्ड दिनुपर्‍यो। ठीक काम गर्न सिकाउनको लागि परमेश्वरले तिनीहरूलाई दण्ड दिनुभयो। तिनीहरूले अदनको बगैंचामा भएको सुन्दर घरलाई त्याग्नुपर्‍यो। • तिनीहरूको पापले संसारमा रोग र मृत्यु ल्यायो। • तर आउने उद्धारकर्ताको बारेमा परमेश्वरले आदम र हव्वालाई बताउनुभयो। उद्धारकर्ताले सबै कुरालाई फेरि मिलाउनुहुनेछ।



## तपाईंले के गर्नुपर्छ भन्ने कुरा परमेश्वरले बाइबलमा बताउनुभएको छ।

के कुरा ठीक हो र के कुरा गलती हो भन्ने कुरा परमेश्वरले तपाईंलाई बताउनुहुन्छ।
गलती कुरा हो भनी जानी जानी के तपाईंले केही गर्नुभएको छ?

•परमेश्वरले अझै पनि तपाईंलाई प्रेम गर्नुहुन्छ र तपाईंलाई सहायता गर्न चाहनुहुन्छ। •

"मैले बिराएँ" भनी परमेश्वरलाई भन्नुहोस्। असल हुनको निम्ति मलाई सहायता गर्नुहोस् भनी उहाँसँग विन्ती गर्नुहोस्।
परमेश्वरले भन्नुभएको काम गर्नुहोस् र तपाईं खुशी हुनुहुनेछ।
तपाईं सुत्न जानुभन्दा पहिले यो प्रार्थना परमेश्वरलाई चढाउनुहोस्।

**प्रार्थना**

सबै समयमा ठीक गर्नुको सट्टा
मैले गलती गरेकोमा, हे
परमेश्वर मलाई क्षमा गर्नुहोस्।
तपाईंले भन्नुभएको काम गर्नु
मलाई सहायता गर्नुहोस्। आज
रातभरि मेरो सुरक्षा गर्नुहोस्।

आमिन।



**प्रश्नका उत्तरहरू**

१. असल २. पाप ३. हो, प्रेम गर्नुहुन्छ

पाठ ५

# अरूहरूसँग तपाईंले कसरी व्यवहार गर्नुहुन्छ, परमेश्वरले त्यसको वास्ता राख्नुहुन्छ।



**परमेश्वरको बारेमा यो सिक्नुहोस्।**

परमेश्वरले आमा, बाबुहरूलाई आफ्ना छोरा-छोरीहरूको हेरचाह गर्न सहायता गर्नुहुन्छ।

अरूहरूप्रति तपाईंको कस्तो भावना छ भन्ने कुरा परमेश्वरलाई थाह छ।

अरूहरूसँग गलती व्यवहार गर्नेहरूलाई परमेश्वरले दण्ड दिनुहुन्छ।

तपाईं अरूहरूप्रति असल भएको परमेश्वर चाहनुहुन्छ।




यसलाई बाइबलबाट चर्को स्वरमा पाँचपल्ट पढ्नुहोस्।

**कयिनले आफ्नो भाइसँग कुरा गरे....र त्यसपछि तिनलाई मारे। तब परमप्रभुले कयिनलाई सोध्नुभयो, "तेरो भाइ हाबिल कहाँ छ?" उत्पत्ति ४:८, ९**

## के तपाईं यो गर्न सक्नुहुन्छ?

ठीक उत्तरको वरिपरि घेरा लगाउनुहोस्।

१. अरूहरूसँग गलती व्यवहार गर्नेहरूलाई परमेश्वरले के गर्नुहुन्छ?

क. बिर्सनुहुन्छ  ख. आशिष दिनुहुन्छ  ग. दण्ड दिनुहुन्छ

२. तपाईं अरूहरूसँग रिसाउँदा के परमेश्वरलाई थाह हुन्छ?

क. थाह हुन्छ  ख. थाह हुँदैन  ग. कहिलेकहीं मात्र

३. कसले आफ्नो भाइलाई माऱ्यो?

क. आदम  ख. हाबिल  ग. कयिन

### तपाईंले सिक्नुपर्ने शब्दहरू

**भेटी** भनेको मानिसहरूले परमेश्वरलाई चढाउने कुनै थोक हो।

**बलिदान** भनेको जीवित कुरा हो र मानिसहरूले भेटीको रूपमा परमेश्वरलाई चढाउँछन्।

**आशिष दिनु** भनेको कुनै व्यक्तिको निम्ति असल गरिदिनु हो।



**परमेश्वरले आमा-बाबुहरूलाई आफ्ना छोरा-छोरीहरूको हेरचाह गर्न सहायता गर्नुहुन्छ।**

• देखि • का सबै शब्दहरूको मुनि धर्को तान्नुहोस्।

आदम र हव्वाका धेरै छोरा-छोरीहरू थिए। तिनीहरूको पहिलो छोरा कयिन थियो। तिनीहरूको दोस्रो छोरा हाबिल थियो। कयिन र हाबिल संसारमा पहिला छोराहरू, र पहिला दाजु भाइहरू थिए। आफ्ना छोराहरूको हेरविचार गर्नलाई आदम र हव्वाले कडा मेहनत गर्नुपऱ्यो। • परमेश्वरले तिनीहरूको काममा तिनीहरूलाई सहायता गर्नुभयो। •

तिनीहरूले खेत बारीमा अन्न लगाउनु पऱ्यो। तिनीहरूले यसको हेरविचार गर्थे र त्यहाँबाट खाना जम्मा गर्थे। तिनीहरूले दुध, घिउ र कपडाको लागि भेडा र बाख्रा पालन गर्थे। • तिनीहरूले आफ्ना छोराहरूलाई काम गर्न र परमेश्वरको बारेमा सिकाए। •

**अरूहरूप्रति तपाईंको कस्तो भावना छ भन्ने कुरा परमेश्वरलाई थाह छ।**

कयिनले परमेश्वरलाई आफूले उब्जाएको अन्नबाट भेटी चढाए। हाबिलले पनि एउटा थुमाको बलिको भेटी ल्याए।



•परमेश्वरले कयिन र हाबिल दुवैलाई प्रेम गर्नुहुन्थ्यो। •



परमेश्वरले तिनीहरूलाई आफूमा आउने बाटो बताइदिनुभयो। हाबिलले गरेजस्तै तिनीहरूले पापको बलिदान लिएर उहाँमा आउनुपऱ्यो। परमेश्वरले हाबिलका पापहरू क्षमा गर्नुभयो र आशिष दिनुभयो।




कयिनले परमेश्वरले भनेको मानेन। कयिनले सबै कुराहरू आफूलाई मनलागेजस्तै गर्न चाहन्थ्यो। हाबिललाई आशिष दिएकोमा ऊ परमेश्वरसँग रिसाएको थियो। कयिन हाबिलसँग पनि रिसाएको थियो।

कयिनले कस्तो विचार गरेको थियो सो परमेश्वरलाई थाह थियो। •कयिन रिसाएरै बस्यो भने उसले केही खराब गर्छ होला भनी परमेश्वरलाई थाह थियो। • परमेश्वरले कयिनसँग कुरा गर्नुभयो र "तँ किन रिसाएको छस्?" भनी उसँग प्रश्न गर्नुभयो। तर कयिनले परमेश्वरको स्वर सुन्न चाहेन। कयिनले आफ्नो भाइ हाबिललाई घृणा गऱ्यो।

**अरूहरूसँग गलती व्यवहार गर्नेहरूलाई परमेश्वरले दण्ड दिनुहुन्छ।**

एक दिन खेतमा हुँदा कयिनले आफ्नो भाइ हाबिललाई माऱ्यो। त्यो एक डरलाग्दो पाप थियो। कयिनले गरेको काम परमेश्वरले देख्नुभयो।



• परमेश्वरले कयिनलाई दण्ड दिनुपऱ्यो। • परमेश्वरले कयिनलाई उसको घरमा अरूसँग एकैसाथ बस्नदिनुभएन। कयिन र उसकी पत्नी आफै बस्नलाई छुट्टिएर गए।

**तपाईं अरूहरूप्रति असल भएको परमेश्वर चाहनुहुन्छ।**
अरू मानिसहरूलाई घृणा गर्नु पाप हो।
यस पापले मानिसहरूलाई अरूहरूलाई दुःख दिन लगाउँछ।
यस पापले तिनीहरूलाई झगडा गर्न, लडाइँ गर्न र मार्न लगाउँछ।
पापले मानिसहरूलाई एक अर्काबाट अलग पार्छ।
पापले परिवारहरू टुक्राउँछ।




परमेश्वरले हाम्रा पापहरूको क्षमा दिई हामीलाई असल बनाउन चाहनुहुन्छ।

• परमेश्वरले हाम्रा खराब भावनाहरूलाई हटाएर एक अर्काप्रति प्रेम दिन चाहनुहुन्छ। •

तब हामी सधैं खुशी हुन्छौं।

के तपाईं अरू मानिसहरूसँग कहिल्यै रिसाउनुभएको छ?
तपाईंका रिसालु भावनाहरू हटाइदिनुहोस् भनी परमेश्वरसँग तपाईंले कहिल्यै विन्ती गर्नुभएको छ?
के तपाईं अरूहरूसँग मिलनसार भएर जिउन चाहनुहुन्छ?

यो प्रार्थनालाई कण्ठ गर्नुहोस्।

**प्रार्थना**

हे प्रभु, मलाई कयिन जस्तो हुन नदिनुहोस्। जसरी मैले अरूहरूसँग व्यवहार गर्नुपर्ने हो त्यसरी व्यवहार गर्न मलाई सहायता गर्नुहोस्। मेरो रिसालु विचार र शब्दहरूलाई क्षमा दिनुहोस्। मलाई प्रेमी, दयालु र असल बनाउनुहोस्।

आमिन।



**प्रश्नका उत्तरहरू**

१. दण्ड दिनुहुन्छ  २. थाह हुन्छ  ३. कयिन

पाठ ६


# परमेश्वरले तपाईंलाई स्वर्गमा लानुहुन्छ



**परमेश्वरको बारेमा यो सिक्नुहोस्**

परमेश्वरले हनोक नमरिकनै उनलाई स्वर्ग लानुभयो।
परमेश्वरले स्वर्गमा तपाईंको लागि अचम्मको घर तयार पार्नुभएको छ।
परमेश्वर सँगै हिँड्नुहोस्। उहाँले तपाईंलाई स्वर्गमा लैजानुहुनेछ।

यसलाई बाइबलबाट चर्को स्वरमा पाँचपल्ट पढ्नुहोस्।




**हनोक परमेश्वरका साथसाथ हिँड्थे। अनितिनीरहेनन् , किनभने परमेश्वरले तिनलाई उठाइलानुभयो। उत्पत्ति ५:२४ मैले स्वर्गमा एउटा खुला ढोका देखें .... तब यसो भनेको मैले सुनें "यतामाथि आऊ।" प्रकाश ४:१**

## के तपाईं यो गर्न सक्नुहुन्छ?

बायाँपट्टि दिइएको शब्दसँग दायाँपट्टिको वाक्यलाई धर्को तानी जोडा मिलाउनुहोस्। उदाहरण तल दिइएको छः

| | |
|---|---|
| परमेश्वर • | • परमेश्वरको अचम्मको घर हो। |
| हनोक • | • उहाँसँग तपाईं हिँडेको चाहनुहुन्छ। |
| स्वर्ग • | • परमेश्वर सँगसँगै हिँडेर स्वर्ग जान सक्नुहुन्छ। |
| तपाईं • | • नमरिकनै स्वर्ग गए। |

**परमेश्वरले हनोक नमरिकनै उनलाई स्वर्ग लानुभयो।**

• देखि • सम्मका सबै शब्दहरूका मुनि धर्को तान्नुहोस्।



आदमका धेरै छोरा-छोरीहरू थिए। र तिनीहरूका पनि धेरै छोरा-छोरीहरू थिए। यसरी त्यहाँ धेरै मानिसहरू थिए।

• परमेश्वरले सबै मानिसहरूलाई प्रेम गर्नुभयो। • परमेश्वर तिनीहरूसँग हिँड्न र बोल्न चाहनुहुन्थ्यो। परमेश्वर तिनीहरूलाई स्वर्गमा लान चाहनुहुन्थ्यो।

तर धेरै मानिसहरूले परमेश्वरलाई प्रेम गरेनन्। तिनीहरूले परमेश्वरसँग प्रार्थना र कुराकानी गरेनन्।

तिनीहरू कयिन जस्तै थिए। तिनीहरू आफूले मनपराएको गर्न चाहन्थे।




तिनीहरू परमेश्वरले तिनीहरूलाई भनेको कुरा गर्न चाहँदैनथे। तिनीहरू परमेश्वरसँग हिँड्दैनथे।

• तिनीहरूका पापले तिनीहरूलाई परमेश्वरबाट अलग पारेको थियो। •

तर हनोक परमेश्वरलाई प्रेम गर्थे। हाबिलले जस्तै हनोकले पनि आफ्ना पापहरूका निम्ति बलिदान गर्नलाई एक थुमा लिएर परमेश्वरकहाँ आए। हनोकले गरेका सबै खराब कामहरूलाई परमेश्वरले क्षमा दिनुभयो।




परमेश्वरले हनोकका पापहरू हटाएर उनलाई असल बनाउनुभयो।




• हनोकले प्रार्थना गर्दा सधैं परमेश्वरसँग कुराकानी गर्थे। •

• परमेश्वरले गर्नू भन्नु भएको काम गरेर हनोक प्रत्येक दिन परमेश्वरसँग हिँडे। •

हनोक परमेश्वरसँग हिँड्दा स्वर्गको बाटोतर्फ अगि बढिरहेका थिए।

परमेश्वर र हनोक एक अर्काप्रति प्रेमी थिए।
परमेश्वरले हनोकलाई आफ्नो कामको निम्ति प्रयोग गर्नुभयो।
हनोकले आफ्ना छिमेकीहरूलाई परमेश्वरको बारेमा बताए।
उनीहरूलाई के भन्नु पर्ने हो सो कुरा परमेश्वरलेनै
हनोकलाई सिकाउनुभयो।
अरूहरू पनि परमेश्वरसँग हिँड्नू भन्ने इच्छा हनोकको थियो।
तिनीहरू मध्ये धेरै जसोले उनको कुरा सुनेनन्।
तिनीहरू कयिनजस्तै डरलाग्दा पापीहरू थिए।



• परमेश्वरसँग हिँडने मानिसहरू मरेपछि स्वर्ग जान्छन्। •
तर परमेश्वरले हनोक नमरिकनै उनलाई स्वर्ग लानुभयो।
परमेश्वरले हनोकलाई आफ्नो सुन्दर र अचम्मको घरमा आफूसँग
हुनको लागि लानुभयो। जहाँ सबै कुराहरू सिद्ध छन्
र सबैजना खुशी हुन्छन्।

**परमेश्वरले तपाईंको निम्ति स्वर्गमा अचम्मको घर बनाउनुभएको छ।**

तपाईंलाई दुःख दिने केही कुराहरू पनि त्यहाँ हुनेछैनन्।
तपाईं सधैंभरि खुशी र स्वस्थ हुनुहुनेछ।
तपाईं कहिल्यै पनि बिरामी हुनुहुनेछैन, नता भोकाउनुहुनेछ,
न तिर्खाउनुहुनेछ।
प्रत्येकले आफूलाई चाहिने सबै थोकहरू स्वर्गमा पाउनेछ।
तपाईंले स्वर्गमा असल मित्रहरू पाउनुहुनेछ।
• सबैभन्दा महत्वपूर्ण कुराचाहिँ तपाईं परमेश्वरसँग हुनुहुनेछ,
जसले तपाईंलाई प्रेम गर्नुहुन्छ
र तपाईंलाई त्यहाँ लैजान चाहनुहुन्छ। •

**परमेश्वरसँगै हिँड्नुहोस्। उहाँले तपाईंलाई स्वर्गमा लैजानुहुनेछ।**



तपाईंको पाप उठाउनलाई परमेश्वरले मुक्तिदाता पठाउनुभयो। • येशू मुक्तिदाता हुनुहुन्छ। येशू परमेश्वरका पुत्र हुनुहुन्छ। • तपाईं येशूलाई देख्नुहुन्न, तर उहाँ त्यहाँ हुनुहुन्छ। • तपाईं परमेश्वरसँग हिँड्नसक्नुहोस् भनी सहायता पुऱ्याउन येशू आउनुभयो। • तपाईंका आफ्ना पापहरू क्षमा गर्नुहोस् भनी येशूसँग विन्ती गर्नुहोस्। येशूलाई तपाईंको मुक्तिदाताको रूपमा ग्रहण गर्नुहोस्। प्रार्थनामा सधैं परमेश्वरसँग कुराकानी गर्नुहोस्। बाइबलमा परमेश्वरले गर्नू भन्नुभएको काम गर्नुहोस्। यसरीनै हामी परमेश्वरसँगै हिँड्नसक्छौं। उहाँले तपाईंलाई स्वर्गमा लैजानुहुनेछ।

**यो प्रार्थना सिक्नुहोस्।**



येशू , आउनुहोस् र मेरा मुक्तिदाता
हुनुहोस्। मेरा पापहरूलाई क्षमा
गरिदिनुहोस्। यसरीनै म स्वर्ग
राज्यमा जानसक्छु। प्रत्येक दिन
परमेश्वरसँग हिँड्न मलाई
सहायता गर्नुहोस्।

आमिन।

**प्रश्नका उत्तरहरू**

| | |
|---|---|
| परमेश्वर | परमेश्वरको अचम्मको घर हो। |
| हनोक | उहाँसँग तपाईं हिँडिको चाहनुहुन्छ। |
| स्वर्ग | परमेश्वर सँगसँगै हिँडेर स्वर्ग जान सक्नुहुन्छ। |
| तपाईं | नमरिकनै स्वर्ग गए। |

## पाठ ७




# परमेश्वरले तपाईंलाई बचाउनुहुन्छ।

**परमेश्वरको बारेमा यो सिक्नुहोस्**

परमेश्वरले सबै खराब कुराहरूलाई हटाउनुहुन्छ।
परमेश्वरले मानिसहरूलाई उद्धार गर्न चाहनुहुन्छ।
परमेश्वरले उहाँको आज्ञापालन गर्ने सबैलाई बचाउनुहुन्छ।
परमेश्वरले तपाईंलाई बचाउनुहुन्छ।

यसलाई बाइबलबाट चर्को स्वरमा पाँचपल्ट पढ्नुहोस्




**परमेश्वरले नूहलाई भन्नुभयो ... एउटा जहाज बना। म सारा संसारलाई पानीले छोप्नेछु ... तर तँलाईचाहिँ जहाजमै सुरक्षासाथ राख्नको लागि म प्रतिज्ञा गर्छु।**
**उत्पत्ति ६:१२-१४, १७, १८**

## के तपाईं यो गर्न सक्नुहुन्छ?

तलको खाली ठाउँ भर्नुहोस्।

१. परमेश्वरले उहाँको..........................गर्नेहरूलाई बचाउनुहुन्छ।

२. परमेश्वरले नूहलाई...............................बनाउनू भन्नुभयो।

३. परमेश्वरले सबै............................कुराहरूलाई हटाउनुहुन्छ।

## तपाईंले सिक्नुपर्ने शब्दहरू

**जहाज** भनेको नूहले बनाएको डुङ्गाको नाम हो।
**आज्ञापालन गर्नु** भनेको कसैले तपाईंलाई गर्नू भनेको काम तपाईंले गर्नु हो।
**जल प्रलय** को अर्थ सारा पृथ्वी पानीले भरिनु हो।

**परमेश्वरले सबै खराब कुराहरूलाई हटाउनुहुन्छ।**

• देखि • का सबै शब्दहरूका मुनि धर्को तान्नुहोस्।



यदि तपाईंले कुहिएको आलुलाई राम्रो आलुसँगै राखिएको भेट्टाउनुभयो भने के गर्नुहुन्छ?

तपाईंले कुहिएको आलुलाई फालेर राम्रो आलुको सुरक्षा गर्नुहुन्छ।

यदि तपाईंले यसो गर्नुभएन भने कुहिएको आलुले राम्रो आलुलाई खराब बनाइदिन्छ।

एक समय परमेश्वरले पनि यस्तै गर्नुपरेको थियो।
• सबै खराब हुनुभन्दा पहिल्यै परमेश्वरले आफ्नो संसारलाई सफा गर्नुपरेको थियो। •
उहाँले लडाइँ झगडा र मारकाटलाई पूरै हटाउनुपरेको थियो।
उहाँले झूट, छलि, कुवाक्य, र अन्य पापहरूलाई हटाउनुपरेको थियो।
• परमेश्वरले एक सफा र नयाँ संसार भएको चाहनुहुन्थ्यो। •
यसमा भएका सबैजना असल हुनसकून्।

**परमेश्वरले मानिसहरूलाई बचाउन चाहनुहुन्छ।**

हनोक स्वर्ग गएपछि मानिसहरू झन् खराब हुँदै गए। तिनीहरूले सबै समयमा खराब कामहरू गर्न थाले। सारा संसारभरि नूह र उनको परिवार मात्र असल मानिसहरू थिए।
• परमेश्वरले नूहलाई आफ्नो सहयोगी बनाउनुभयो। •



परमेश्वरले नूहलाई भन्नुभयोः "जहाज बनाऊ। म जल प्रलय पठाउँदैछु। जहाजमा भएका मानिसहरू मात्र बाँच्नेछन्।" • परमेश्वरले मानिसहरूलाई प्रेम गर्नुभएको हुनाले तिनीहरूलाई बचाउन चाहनुहुन्थ्यो। •

जल प्रलयको बारेमा मानिसहरूलाई बताउन उहाँले नूहलाई प्रयोग गर्नुभयो। नूहको परिवारले मात्र नूहले भनेको कुरा विश्वास गरे। नूहकी पत्नी, तिनीहरूका तीन छोराहरू र बुहारीहरूले परमेश्वरमा विश्वास गरे र जहाज बनाउनको लागि नूहलाई सहायता गरे।



नूहले जहाज बनाउँदा मानिसहरू हाँसे। तिनीहरूले भने, "तँ परमेश्वरको आज्ञा पालन गर्ने मूर्ख होस्।" नूहले मानिसहरूलाई भने कि तिनीहरूले पनि परमेश्वरको आज्ञापालन गर्नुपर्छ।

तिनीहरू उनको कुरा सुनेर पेट मिची मिची हाँसे।

जहाज बनाई सकिएपछि परमेश्वरले नूहलाई मानिसहरूको निम्ति र जनावरहरूको निम्ति आहारा जहाजभित्र राख्नू भनी आज्ञा गर्नुभयो। परमेश्वरले जनावरहरूलाई पनि बचाउन लाग्नुभएको थियो।
परमेश्वरले भन्नुभएको सबै काम नूह र उनका परिवारले गरे।

**परमेश्वरले उहाँको आज्ञा पालन गर्ने सबैलाई बचाउनुहुन्छ।**

जनावरहरू र चराहरूका जोडीहरू सबै ठाउँबाट भेला भए। हात्तीहरू पनि लस्कँदै आए। चञ्चालु बाँदरहरू पनि भेला भए। ठूला चराहरू हिँड्दै आए। साना चराहरू सीधै जहाजभित्र उड्दै गए। कुकुर र बिरालाहरू एकैसाथै दौडँदै जहाजभित्र पसे।



कुखुराहरू पनि करकर गर्दै भित्र पसे।

नूह र उनको परिवार पनि जहाजभित्र गए र परमेश्वरले ढोका बन्द गरिदिनुभयो। पानी पर्न थाल्यो। बाढी आयो। जहाजबाट बाहिर भएकाहरू सबै डुबे।

• परमेश्वरको आज्ञा पालन गर्नेहरू सुरक्षासाथ जहाजमा बसे। •

• • •

अहिले संसार फेरि पापले भरिएको छ।
परमेश्वरले सबै खराब कुराहरूलाई हटाउनुहुन्छ।
तर यदि तपाईंले परमेश्वरको आज्ञा पालन गर्नुभयो भने उहाँले तपाईंलाई बचाउनुहुनेछ।
तपाईं र तपाईंको परिवारलाई बचाउनुहोस् भनी परमेश्वरसँग विन्ती गर्नुहोस्।

**प्रार्थना**

मेरो परिवार र मित्रहरूलाई सहायता गर्नुहोस्, तपाईंमा विश्वास गरी पापबाट बचाउनुहोस्, जहाजलाई देखी भित्र पस्नेहरू जस्तै हामीलाई पनि आज्ञा पालन गर्न सहायता गर्नुहोस्।

आमिन।



**प्रश्नका उत्तरहरू**

१. आज्ञापालन  २. जहाज  ३. खराब

पाठ ८




# परमेश्वरले तपाईंको हेरचाह गर्नुहुन्छ

**परमेश्वरको बारेमा यो सिक्नुहोस्**

परमेश्वरले उहाँको आज्ञा पालन गर्नेहरूको हेरचाह गर्नुहुन्छ। हामीले "धन्यवाद" भन्दा परमेश्वर खुशी हुनुहुन्छ। हामीले परमेश्वरलाई "धन्यवाद" भन्दा उहाँलाई भेटी चढाएका हुन्छौं।

यसलाई बाइबलबाट चर्को स्वरमा पाँचपल्ट पढ्नुहोस्।




**चालीस दिन र चालीस रातसम्म पृथ्वीमा पानी पऱ्यो। पृथ्वीमा पानी जोरसँग पऱ्यो र आकाशमुनिका जम्मै अग्ला अग्ला पर्वतहरू ढाकिए।**

**उत्पत्ति ७:१२, १९, २३**

**म बादलमा मेरो धनु राख्तछु, अनि मेरो र पृथ्वीको बीचमा त्यो एउटा करारको चिन्ह हुनेछ। र अब म फेरि सबै प्राणीलाई नाश गर्ने जलप्रलय कहिल्यै ल्याउने छैन।**

**उत्पत्ति ९:१३, १५**

## के तपाईं यो गर्न सक्नुहुन्छ?

ठीक उत्तरको वरिपरि घेरा लगाउनुहोस्।

१. कति दिन सम्म पानी पऱ्यो?
   क. चार  ख. दश  ग. चालीस

२. जहाज बाहिर रहनेहरू कति जना जिउँदै रहे?
   क. सबै  ख. दश  ग. कोही पनि बाँकी रहेन।

३. परमेश्वरले नूहलाई कस्तो चिन्ह दिनुभयो?
   क. इन्द्रधनु  ख. ताराहरू



**परमेश्वरले उहाँको आज्ञापालन गर्नेहरूको हेरचाह गर्नुहुन्छ।**

• देखि • का शब्दहरूका मुनि धर्को तान्नुहोस्।

परेको पानी बढ्दै जाँदा जहाज पनि माथि माथि उठ्यो। जहाज पृथ्वीलाई भर्ने पानीको माथि उत्र्यो। • नूह उनकी पत्नी, तिनीहरूका छोराहरू र बुहारीहरू भने जहाजमा सुरक्षित थिए। •



जनावरहरू पनि सुरक्षित थिए। तिनीहरूलाई खानको निम्ति घाँस र पराल जम्मा गरेर राखिएको थियो। त्यहाँ हुने सबैको लागि अन्नहरू र खानेकुराहरू प्रशस्तै थियो।
• परमेश्वर र नूहले जनावरको हेरचाह गरे। •

चालीस दिनसम्म पानी पऱ्यो। तब परमेश्वरले बतास पठाएर पृथ्वीलाई सुकाउनुभयो। पानी सुक्दैगयो। जहाज पहाडको टाकुरामा अडियो र त्यहीं रह्यो।



जमिन नसुकुञ्जेलसम्म नूह र उनको परिवार जहाजमै रहे। तिनीहरू एक वर्षसम्मै जहाजमै रहे। • परमेश्वरले जहाजमा तिनीहरूको हेरचाह गर्नुभयो। •



अन्तमा जमिन सुक्यो। नूहले ढोका खोले। सबैजना बाहिर घाममा आए। नूह र उनको परिवार र सबै जनावरहरू र चरा-चुरूङ्गीहरू बाहिर आए।



हात्तीहरू आनन्दले कराए।
बाँदरहरू पहिलेको भन्दा पनि धेरै उफ्रिन थाले।
सिंहहरू गर्जन र जुध्न थाले।
त्यहाँ हुनेहरू सबै सुरक्षित भई जहाजबाट बाहिर निस्कन पाउँदा ज्यादैनै खुशी थिए।

## यसलाई विचार गर्नुहोस्।

के तपाईं हूरीबतास आउँदा कहिल्यै डराउनुभएको छ?
तपाईंको हेरचाह गर्न त्यहाँ को थियो?
नूहलाई उनको परिवार र जनावरहरू बचाउनको निम्ति कसले सहायता गऱ्यो?
तपाईंको वास्ता गर्नको लागि तपाईंका आमा बाबुलाई कसले सहायता गर्नुहुन्छ?
तपाईंले खाने अन्न कसले उब्जाउनुहुन्छ?
के तपाईं आफ्नो खानाको लागि परमेश्वरलाई धन्यवाद चढाउनुहुन्छ?
के तपाईं हूरी बतासको समयमा परमेश्वरले तपाईंलाई हेरचाह गर्नुभएकोमा उहाँलाई धन्यवाद चढाउनुहुन्छ? के हरेक दिन सुरक्षा राख्नुभएकोमा तपाईं उहाँलाई धन्यवाद चढाउनुहुन्छ?

**हामीले "धन्यवाद" भन्दा परमेश्वर खुशी हुनुहुन्छ**




नूहले सबैभन्दा पहिले परमेश्वरलाई धन्यवाद चढाए।

• परमेश्वरले नूह, उनको परिवार, जनावरहरू र चरा-चुरूङ्गीहरूलाई हेरचाह गर्नु भएकोमा उनले उहाँलाई धन्यवाद चढाए। •

नूहले सफा संसारको लागि परमेश्वरलाई धन्यवाद चढाए। परमेश्वरलाई धन्यवाद चढाउनको निम्ति नूहले बलिदान गरे।



• नूहले 'धन्यवाद' भनेकोमा परमेश्वर खुशी हुनुभयो। • परमेश्वरले नूहलाई प्रतिज्ञा गर्नुभयो। • "म फेरि कहिल्यै पानीद्वारा पृथ्वीलाई नाश गर्नेछैन।" •

इन्द्रधनु परमेश्वरको प्रतिज्ञाको चिन्ह हो। इन्द्रधनु देख्दा यो याद गर्नुहोस् कि • परमेश्वरले तपाईंको हेरचाह गर्नुहुनेछ। •

## हामीले परमेश्वरलाई "धन्यवाद" भन्दा उहाँलाई भेटी चढाएकाहुन्छौं।

हामी हाम्रा भेटीहरू परमेश्वरको घरमा लैजान्छौं। परमेश्वरलाई 'धन्यवाद'को भेटी चढाउँदा उहाँको उपस्थितिमा यो प्रार्थना भन्न सिक्नुहोस्।

**प्रार्थना**

परमेश्वर, तपाईंको सम्पूर्ण हेरचाहको लागि म तपाईंलाई धन्यवाद दिन्छु। बस्ने घर, खाना र लगाउने कुरा तपाईंले दिनुभएको छ। मैले ल्याएको यो सानो भेटीलाई ग्रहण गर्नुहोस्। म सबै कुराको निम्ति तपाईंलाई धन्यवाद दिन्छु।

आमिन्।




**प्रश्नका उत्तरहरू**

१. चालीस २. कोही पनि बाँकी रहेन ३. इन्द्रधनु

पाठ ६

# परमेश्वरले तपाईंका प्रार्थनाहरू सुन्नुहुन्छ



**परमेश्वरको बारेमा यो सिक्नुहोस्**

परमेश्वरको अर्को नाम परमप्रभु हो।
कोही मानिसहरूले आफ्नै देवताहरू बनाउँछन्।
परमप्रभु मात्रै साँचो परमेश्वर हुनुहुन्छ।
तपाईंले परमेश्वरसँग प्रार्थना गरेको उहाँ चाहनुहुन्छ।

यसलाई बाइबलबाट चर्को स्वरमा
पाँचपल्ट पढ्नुहोस्।




**परमप्रभु हाम्रा परमेश्वर एउटै हुनुहुन्छ। तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सम्पूर्ण मनले, आफ्नो सम्पूर्ण प्राणले र आफ्नो सम्पूर्ण शक्तिले प्रेम गर।**
**व्यवस्था ६:४, ५**

## के तपाईं यो गर्न सक्नुहुन्छ?

ठीक उत्तरको मुनि धर्को तान्नुहोस्।

१. तपाईंले कससँग प्रार्थना गरेको परमेश्वर चाहनुहुन्छ?
   **क.** मानिसहरूले बनाएका देवताहरू   **ख.** परमप्रभु परमेश्वर

२. परमेश्वरप्रति तपाईंको कस्तो स्वभाव हुनुपर्छ?
   **क.** उहाँलाई प्रेम गर्नु   **ख.** उहाँसँग डराउनु   **ग.** उहाँलाई बिर्सनु

३. परमेश्वरको अर्को नाम के हो?
   **क.** स्त्री   **ख.** परमप्रभु   **ग.** नजानिएको व्यक्ति   **घ.** मुख्य

**कोही मानिसहरूले आफ्नै देवताहरू बनाउँछन्।**

• देखि • सम्मका सबै शब्दहरूका मुनि
धर्को तान्नुहोस्।



जल प्रलयपछि
नूहका छोराहरूका
छोरा छोरीहरू, नाती नातिनीहरू, पनाती पनातिनीहरू जन्मे।
फेरि संसारमा धेरै मानिसहरू बढे।

नूह र उनका छोराहरूले मानिसहरूलाई परमेश्वरको बारेमा बताए।
• तर नूहले जस्तै अरू मानिसहरूले परमेश्वरलाई प्रेम गरेनन्। •
• तिनीहरू सबैले आफूले मनलागेको जस्तो गर्न चाहन्थे। •
तिनीहरूले आफ्ना आमा बाबुका कुरा सुनेनन्
र परमेश्वरका कुरा पनि सुनेनन्।



निमरोद भन्ने मानिसले आफैलाई राजा बनायो। मानिसहरूले परमेश्वरको होइन तर उसको आज्ञा पालन गरेको ऊ चाहन्थ्यो। • निमरोदले मानिसहरूलाई परमेश्वरबाट टाढा लग्यो। • •तिनीहरूले चन्द्र, सूर्य र आफ्नै देवताहरूसँग प्रार्थना गर्न थाले। •

मानिसहरूले शहर र अग्लो धरहरा बनाउनको लागि ईंटाहरू बनाउन थाले।



परमेश्वरले मानिसहरूले गर्नुभएको काम देख्नुभयो। तिनीहरूले भूल गर्दैछन् भन्ने कुरा उहाँलाई थाह थियो। • केही समयसम्म परमेश्वरले तिनीहरूलाई इच्छा लागेको काम गर्न दिनुभयो। •



• त्यसपछि परमेश्वरले तिनीहरूलाई रोक्नुभयो। • परमेश्वरले अर्को जल प्रलय पठाउनुभएन। परमेश्वरले मानिसहरूलाई विभिन्न भाषामा बोल्न लगाउनुभयो।

मानिसहरूले एउटै भाषा बोल्नसकेनन्। तिनीहरूले एक अर्कालें भनेको कुरा बुझेनन्। तिनीहरूले एकैसाथ काम गर्नसकेनन्। यसैले तिनीहरूले धरहरा बनाउन पनि बन्द गरे। तिनीहरूले त्यो ठाउँलाई बाबेल भने। बाबेलको अर्थ गोलमाल हो।

मानिसहरूले निमरोद र बाबेल छोडे। तिनीहरू जतातत‌ै छरिए। परिवार परिवारहरू मिलेर विभिन्न ठाउँमा बस्न थाले। तिनीहरूले आ-आफ्नै शहरहरू बनाए।

• तिनीहरूले एक साँचो परमेश्वरको बारेमा बिर्से। •



• ठाउँ ठाउँमा छरिएर रहेका मानिसहरूले आ-आफ्नै देवताहरू बनाए। • तिनीहरूले ठूला देवताहरू र साना देवताहरू, काठ र ढुङ्गाका देवताहरू, चाँदी र सुनका देवताहरू बनाए।

• तिनीहरूले आफूले बनाएका देवताहरूसँग प्रार्थना गर्न थाले। •

## परमप्रभु मात्रै साँचो परमेश्वर हुनुहुन्छ

मानिसहरूले बनाएका देवताहरूले सुन्न सक्तैनन्।
तिनीहरूले बनाएका देवताहरूले बोल्न सक्तैनन्।
तिनीहरूले देख्न सक्तैनन्। साँचो परमेश्वरले गरेजस्तै तिनीहरूले मानिसहरूलाई प्रेम गर्न सक्तैनन्।
तिनीहरू साँचो परमेश्वर थिएनन्।

• परमप्रभु मात्रै साँचो परमेश्वर हुनुहुन्छ। •

उहाँले सुन्नुहुन्छ, बोल्नुहुन्छ
र देख्नुहुन्छ।
मानिसहरूले साँचो
परमेश्वरलाई बिर्से।
तर परमेश्वरले
तिनीहरूलाई बिर्सनुभएन।
परमेश्वरले तिनीहरूलाई प्रेम
गरिनैरहनुभयो र तिनीहरूलाई
सहायता गर्न चाहनुहुन्थ्यो।




**परमेश्वरले तपाईंका प्रार्थनाहरू सुन्नुहुन्छ**

एक साँचो परमेश्वरलाई तपाईंले आँखाले देख्न सक्नुहुन्न।
तर उहाँ तपाईंसँगै हुनुहुन्छ।
जब तपाईं साँचो परमेश्वरसँग कुरा गर्नुहुन्छ, उहाँले तपाईंको
आवाज सुन्नुहुन्छ।
तपाईं परमेश्वरसँग बोलेको उहाँ चाहनुहुन्छ।
परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ र तपाईंलाई
सहायता गर्न चाहनुहुन्छ।
तपाईंलाई खाँचो परेको कुरा परमेश्वरसँग माग्नुहोस्।

•परमेश्वरले तपाईंका प्रार्थनाहरू सुन्नुहुन्छ र उत्तर दिनुहुन्छ। •

**यो प्रार्थना सिक्नुहोस्।**

प्यारो प्रभु तपाईंले मलाई देख्नुहुन्छ, सुन्नुहुन्छ र प्रेम गर्नुहुन्छ। तपाईं मात्रै साँचो परमेश्वर हुनुहुन्छ। तपाईं सधैं नजीक हुनुहुन्छ। म देवताहरूसँग होइन, तर तपाईंसँग प्रार्थना गर्छु, हे प्रभु। ती देवताहरूले मलाई प्रेम गर्न, देख्न र सुन्न सक्तैनन्। हे प्रभु मेरो प्रार्थना सुन्नुहोस्।



आमिन।

**प्रश्नका उत्तरहरू**

१. परमप्रभु परमेश्वर २. उहाँलाई प्रेम गर्नु ३. परमप्रभु

पाठ १०

# परमेश्वरले तपाईंलाई अगुवाइ गर्नुहुन्छ



**परमेश्वरको बारेमा यो सिक्नुहोस्।**

परमेश्वरले उहाँलाई
पछ्याउनको निम्ति अब्रामलाई बोलाउनुभयो।
परमेश्वरले उहाँलाई पछ्याउनेहरूलाई
अगुवाइ गर्नुहुन्छ र आशिष दिनुहुन्छ।
परमेश्वरले तपाईंलाई आफ्नो पुस्तक बाइबलद्वारा अगुवाइ गर्नुहुन्छ।

यसलाई बाइबलबाट चर्को स्वरमा
पाँचपल्ट पढ्नुहोस्।




**अब्रामको पिताको मृत्यु भएपछि, परमेश्वरले अब्रामलाई भन्नुभयो "जुन देश म तँलाई देखाउँछु त्यहाँ जा। म तँबाट एउटा ठूलो जाति खडा गर्नेछु। म तँलाई आशिष दिनेछु र तेरो नाउँ प्रसिद्ध तुल्याउनेछु। तँ आशिषको मूल भएस्।" उत्पत्ति १२:१, २**

## के तपाईं यो गर्न सक्नुहुन्छ?

ठीक उत्तरको वरिपरि घेरा लगाउनुहोस्।

१. परमेश्वरले कसलाई आशिष दिन्छु भनी प्रतिज्ञा गर्नुभयो?
**क.** अब्राम **ख.** निमरोद **ग.** कयिन

२. अब्रामले कसको पिता हुने प्रतिज्ञा पाए?
**क.** एक सानो कुल **ख.** एक महान् राज्य **ग.** एक परिवार

३. तपाईंलाई अगुवाइ गर्नको लागि परमेश्वरले के प्रयोग गर्नुहुन्छ?
**क.** ताराहरू **ख.** बाइबल

### तपाईंले सिक्नुपर्ने शब्दहरू

अब्राम बसेको शहरको नाम **ऊर** थियो।
परमेश्वरले अब्रामलाई **कनान** देशतर्फ लैजानुभयो।



### परमेश्वरले उहाँलाई पछ्याउनको निम्ति अब्रामलाई बोलाउनुभयो।

• देखि • का सबै शब्दहरूका मुनि धर्को तान्नुहोस्।

बाबेलबाट गएका परिवारहरूले ऊर शहर निर्माण गरे। अब्राम ऊर शहरमा जन्मेका थिए। अब्रामका पिताले धेरै देवताहरूलाई पूज्थे। अब्रामका मानिसहरूले धेरै देवताहरूलाई पूज्थे। तिनीहरूले पूजेका देवताहरूले नता देख्न न सुन्नै सक्थे। तिनीहरूले एक मात्र साँचो परमेश्वरलाई चिनेका थिएनन्। • एक साँचो परमेश्वरको बारेमा तिनीहरूलाई बताउने बाइबल तिनीहरूसँग थिएन। •

अब्रामले पनि साँचो परमेश्वरलाई चिनेका थिएनन्। तर परमेश्वरले अब्रामलाई चिन्नुभएको थियो र प्रेम गर्नुहुन्थ्यो। परमेश्वरले अब्रामलाई बोलाएर भन्नुभयो: "तेरो कुटुम्ब र देश छोड्। तेरा पिताका देवताहरूलाई पनि त्यागिदे। • मैले तँलाई दिन्छु भनेर प्रतिज्ञा गरेको देशमा जानको लागि मलाई पछ्या।" •





**परमेश्वरले उहाँलाई पछ्याउनेहरूलाई अगुवाइ गर्नुहुन्छ र आशिष दिनुहुन्छ।**

परमेश्वरले अब्रामलाई प्रतिज्ञा गर्नुभयो: "यदि तँ मेरो पछि लागिस्
भने म तँलाई आशिष दिनेछु र महान् बनाउनेछु।
म तँलाई ठूलो राज्यको पिता बनाउनेछु।
म तँलाई आशिष दिनेछु र तँ आशिषित् हुनेछस्।"

साँचो परमेश्वरले बोलाउनुभएको हो भन्ने कुरा अब्रामलाई थाह थियो।

• परमेश्वरले आफूलाई भनेको कुरा अब्रामले विश्वास गरे। • अब्रामकी पत्नी साराइले पनि परमेश्वरको प्रतिज्ञामा विश्वास गरिन्।

अब्राम र साराइले ऊर शहर छोडे।
• तिनीहरूले मानिसहरूले बनाएका देवताहरूलाई त्यागे। •
• तिनीहरूले एक साँचो परमेश्वरलाई पछ्याए। •




• अब्राम र परमेश्वर नजीकका मित्रहरू थिए। •
अब्राम परमेश्वरसँग कुराकानी गर्थे। परमेश्वर अब्रामसँग बोल्नुहुन्थ्यो। परमेश्वर अब्राम सँगसँगै जानुभयो र कुन बाटो पछ्याउनु पर्ने हो उहाँलेनै उनलाई देखाइदिनुभयो।
• परमेश्वरले अब्रामलाई कनान देशमा लैजानुभयो। •

अब्रामं र साराइ जहाँ गए पनि अब्रामले परमेश्वरको निम्ति वेदी बनाउँथे। हाबिल, हनोक र नूहले गरेझैं उनले पनि परमेश्वरको निम्ति बलिदान चढाए। अब्रामले धेरै मानिसहरूलाई सहायता गरे र अनि आशिष बने। उनले तिनीहरूलाई साँचो र जीवित परमेश्वरको बारेमा बताए।



• आफूले प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वर पूरा गर्नुहुन्छ। •



परमेश्वरले अब्रामलाई आशिष दिनुभयो र उनलाई धनी बनाउनुभयो। तर अब्राम वृद्ध हुँदा पनि उनका कोही सन्तान थिएनन्।

यसो भए पनि उनले परमेश्वरको प्रतिज्ञामा विश्वास गरिनै रहे। अब्रामले परमेश्वरमा विश्वास गरेको हुनाले उहाँ उनीसँग खुशी हुनुभयो।

परमेश्वरले अब्रामको नामलाई बदली गरी अब्राहाम भन्नुभयो। अब्राहामको अर्थ "धेरैका पिता" हो। परमेश्वरले साराइको नाम बदली गरी सारा राखिदिनु भयो। साराको अर्थ "राजकुमारीहरूकी आमा" हो। परमेश्वरले अब्राहाम र सारालाई एउटा छोरा दिनुभयो। उनको नाम इसहाक थियो र उनीबाट एउटा ठूलो राज्यको स्थापना भयो।

**आफ्नो पुस्तक बाइबलद्वारा परमेश्वरले तपाईंलाई अगुवाइ गर्नुहुन्छ।**

उहाँलाई पछ्याउनको निम्ति परमेश्वरले तपाईंलाई बोलाउनुभएको छ भन्ने कुरा बाइबलले बताउँछ।
उहाँले तपाईंलाई आशिष र अगुवाइ गर्नको लागि बोलाउनुभएको छ। तपाईंले के गर्नुपर्ने हो सो कुरा उहाँले बताउनुहुन्छ।

• परमेश्वरलाई पछ्याउनुहोस् र उहाँले तपाईंलाई स्वर्गतर्फ अगुवाइ गर्नुहुनेछ। •

तपाईंले जुनसुकै कुरा त्याग्नु परे पनि अब्राहामले जस्तै परमेश्वरलाई पछ्याउनुहोस्।
तपाईंले के गर्नुपर्ने हो सो कुरा परमेश्वरले तपाईंलाई देखाउनुहुन्छ र सो गर्नको लागि सहायता पनि गर्नुहुन्छ।

**प्रार्थना**

अब्राहामले आफ्नो देश र नातेदारहरूलाई छोडी सधैंको निम्ति तपाईंलाई पछ्याएका थिए। म पनि तपाईंलाई पछ्याउन चाहन्छु। प्रभु, म तपाईंको नजीक हिँडन चाहन्छु र मैले गर्ने सबै काममा म तपाईंलाई खुशी पार्न चाहन्छु।

आमिन।



**प्रश्नका उत्तरहरू**

१. अब्राम २. एक महान् राज्य ३. बाइबल


पाठ ११

# परमेश्वरले तपाईंलाई उद्धार गर्नको निम्ति आफ्नो थुमा पठाउनुभयो।



**परमेश्वरको बारेमा यो सिक्नुहोस्**

परमेश्वरले अब्राहामको छोरालाई बचाउन एक थुमा पठाउनुभयो। परमेश्वरले तपाईंको उद्धार गर्नलाई आफ्नो थुमा पठाउनुभयो। उद्धार पाउनको निम्ति तपाईंले परमेश्वरको थुमालाई ग्रहण गर्नैपर्छ।




यसलाई बाइबलबाट चर्को स्वरमा पाँचपल्ट पढ्नुहोस्।

**इसहाकले आफ्ना पिता अब्राहामलाई भने..."यी आगो र दाउरा ता छन्, तर होमबलिको थुमाचाहिँ खोइ?" अब्राहामले जवाफ दिए, "छोरा, परमेश्वरलेनै होमबलिको निम्ति थुमा जुटाइदिनुहुन्छ।" उत्पत्ति २२:७-८ भोलिपल्ट यूहन्नाले येशूलाई आफूकहाँ आउँदैगर्नुभएको देखेर भने, "हेर संसारको पाप उठाइलैजाने परमेश्वरको थुमा।" यूहन्ना १:२९**

## के तपाईं यो गर्न सक्नुहुन्छ?

प्रत्येक प्रश्नको उत्तर लेख्नुहोस्।

१. "थुमाचाहिँ खोइ" भनी कसले भन्यो? ..............................

..........................................................................

२. "परमेश्वरलेनै थुमा जुटाइदिनुहुनेछ" भनी कसले भन्यो? ........

..........................................................................

३. "परमेश्वरको थुमा यहाँ हुनुहुन्छ" भनी कसले भन्यो? ..........

..........................................................................

## तपाईंले जान्नुपर्ने शब्दहरू

**पापको निम्ति बलिदान** भनेको अर्थ कुनै पशु वा व्यक्तिले अरूले गरेको गलती कुरालाई दण्डको रूपमा आफैमाथि लिनु हो। **होमबलि गर्दा** कुनै पशुलाई मारी त्यसलाई वेदीमा जलाउनु हो। **वेदी** यस्तो ठाउँ हो जहाँ बलिदान चढाइन्छ।

**परमेश्वरले अब्राहामको छोरालाई बचाउन एक थुमा पठाउनुभयो।**

• देखि • सम्मका सबै शब्दहरूका मुनि धर्को तान्नुहोस्।




एक दिन परमेश्वरले अब्राहामलाई भन्नुभयोः "तेरो छोरा लिएर पर्वतमा जा र मेरो निम्ति त्यसलाई बलिदान गर।"



परमेश्वरले किन यसो गर्न लगाउनुभयो भन्ने कुरा अब्राहामलाई थाह थिएन। परमेश्वरले आफ्नो प्रेमको जाँच गर्दैहुनुहुन्छ भन्ने कुरा अब्राहामलाई थाह थिएन। त्यसैले परमेश्वरले अब्राहाम र उनको छोरालाई सिकाउन लाग्नुभएको थियो।

• परमेश्वरले हामीलाई पनि पापको निम्ति भएको उहाँको बलिदानको बारेमा सिकाउन लाग्नुभएको थियो। •



अब्राहाम दुःखित भएर पहाडतिर लागे। अब्राहामले आफ्नो छोरालाई माया गर्थे। तरै पनि उनी परमेश्वरको आज्ञा पालन गर्न चाहन्थे। उनको छोराले उनलाई दाउरा बोक्न सहायता गऱ्यो। उसले आफ्ना बाबुलाई सोध्यो, "होमबलि को निम्ति थुमाचाहिँ खोइ त?" अब्राहामले जवाफ दिएः "परमेश्वरलेनै होमबलिको निम्ति थुमा जुटाइदिनुहुनेछ।"

अब्राहाम र उनका छोराले वेदी बनाए। अब्राहामले आफ्नो छोरालाई वेदीमा राखे। अब अब्राहामको छोरा मर्नु पर्नेभयो।

तर परमेश्वरले अब्राहामको छोरालाई पनि प्रेम गर्नुभयो। तिनी मरेको परमेश्वर चाहनुहुन्नथ्यो। तिनको सट्टामा मर्नको निम्ति परमेश्वरले अर्को बलिदानको बन्दोबस्त गर्नुभएको थियो।

आफ्नो छोरालाई मार्नको निम्ति अब्राहामले तरवार उठाए।
तब परमेश्वरले अब्राहामलाई स्वर्गबाट बोलाउनुभयो। "अब्राहाम तेरो छोरालाई केही नगर।
किनभने अब मैले थाह पाएँ तँ मलाई प्रेम गर्दोरहेछस्।"

तब परमेश्वरले अब्राहामलाई झाडीमा अल्झिराखेको एक थुमा देखाउनुभयो। अब्राहामको छोराको ठाउँ लिनलाई परमेश्वरले त्यो थुमा पठाउनुभएको थियो। थुमालाई वेदीमा मारियो। तब उनको छोरा स्वतन्त्र भई जिउन सक्यो।




**तपाईंको उद्धार गर्नलाई परमेश्वरले आफ्ना पुत्र येशू पठाउनुभयो।**

पाप गर्ने मानिसहरू स्वर्ग जानसक्दैनन्। तिनीहरू मरेपछि डरलाग्दो ठाउँ नरकमा जानेछन्। हामी सबैले पाप गरेका हुनाले नरकमा जानलाई तयार थियौं। तर परमेश्वरले हामीलाई प्रेम गर्नुभयो र हामीलाई स्वर्गमा लान चाहनुहुन्थ्यो।

• परमेश्वरले अब्राहामको छोराको ठाउँमा मर्नलाई थुमा पठाएझैं हाम्रो ठाउँमा मर्नको निम्ति उहाँले आफ्नो पुत्र येशूलाई पठाउनुभयो। •

• येशू संसारको पाप उठाइलैजानुहुने परमेश्वरको थुमा हुनुहुन्छ जो हाम्रा पापको निम्ति मर्नुभयो। •

उहाँ मरेको शरीरबाट फेरि बौरी उठ्नुभयो। तपाईं येशूलाई देख्नसक्नुहुन्न तर उहाँ यहीँनै हुनुहुन्छ। येशूले तपाईंलाई प्रेम गर्नुहुन्छ र तपाईंलाई सहायता गर्न चाहनुहुन्छ।



**उद्धार पाउनको निम्ति तपाईंले येशूलाई ग्रहण गर्नैपर्छ।**

अहिले तपाईंले वेदीमा बलिदान चढाउनु पर्दैन।
तपाईंले परमेश्वरको पुत्रलाई आफ्नो बलिदानको रूपमा स्वीकार मात्र गर्नुपर्छ।
येशू तपाईंका मुक्तिदाता हुन चाहनुहुन्छ जसले तपाईंलाई उद्धार गर्नुहुन्छ। येशूले तपाईंका पापहरूलाई क्षमा गर्नुहुन्छ।
• येशूलाई आफ्नो मुक्तिदाताको रूपमा लिनुहोस् र तपाईं स्वर्ग जानसक्नुहुनेछ। •

यस प्रार्थनालाई प्रयोग गर्नुहोस्।
तब तपाईंका आफ्नै शब्दहरूमा परमेश्वरसँग बोल्नुहोस्।

**प्रार्थना**

येशू मेरो निम्ति मर्नुभयो भनी म ग्रहण गर्छु। उहाँ मेरो पाप उठाइलैजानुहुने बलिदान हुनुभएको छ। मेरा मुक्तिदाता येशूसँग म स्वतन्त्र छु। मलाई आज उद्धार गर्नुभएकोमा हे परमेश्वर म तपाईंलाई धन्यवाद चढाउँछु।



**प्रश्नका उत्तरहरू**

१. "थुमाचाहिँ खोइ?" भनी अब्राहामका छोराले भने।
२. "परमेश्वरलेनै थुमा जुटाउनुहुनेछ" भनी अब्राहामले भने।
३. "परमेश्वरको थुमा यहाँ हुनुहुन्छ" भनी यूहन्नाले भने।

पाठ १२

# परमेश्वरले तपाईंलाई क्षमा दिनुहुन्छ र सहायता गर्नुहुन्छ।



**परमेश्वरको बारेमा यो सिक्नुहोस्**

परमेश्वरको आशिष खानेकुराभन्दा पनि मूल्यवान हुन्छ।
परमेश्वरले याकूबलाई क्षमा दिनुभयो र आशिष दिनुभयो।
स्वर्ग जानलाई तपाईंको निम्ति परमेश्वरले बाटो तयार पार्नुभएको छ।
"मैले भूल गरे" भन्नलाई परमेश्वरले तपाईंलाई सहायता गर्नुहुन्छ।




यसलाई बाइबलबाट चर्को स्वरमा पाँचपल्ट पढ्नुहोस्।

**"म परमप्रभु हुँ ... म तँसँग छु, र तँ जहाँसुकै गए तापनि तँलाई रक्षा गर्नेछु।"**
**उत्पत्ति २८:१३, १५**
**"बाटो मै हुँ" भनी येशूले उनलाई जवाफ दिनुभयो।**
**यूहन्ना १४:६**

## के तपाईं यो गर्न सक्नुहुन्छ?

यिनीहरूमध्ये कुनै कुनै प्रश्नहरू पहिलेका पाठहरूमै सोधिएका छन्। तपाईंले सक्नुहुनेजति सबै प्रश्नहरूका उत्तर दिनुहोस्।

१. नमरिकनै स्वर्ग जाने को हो?.........................................

२. कसले जहाज बनायो?...................................................

३. कसले आफ्नो भाइलाई मार्‍यो?...........................................

४. खानेकुराभन्दा पनि मूल्यवान कुरा के हो?..........................



**परमेश्वरको आशिष खानेकुराभन्दा पनि मूल्यवान हुन्छ।**

• देखि • का सबै शब्दहरूका मुनि धर्को तान्नुहोस्।

अब्राहामको छोराले रिबेकालाई विवाह गरे।



तिनीहरू परमेश्वरलाई प्रेम गर्थे। परमेश्वरले तिनीहरूलाई जुम्ल्याह छोराहरू एसाव र याकूबलाई दिनुभयो।


एसाव शिकारी बने। एसाव याकूबभन्दा पहिले जन्मेका थिए। • उनले परमेश्वरबाट विशेष आशिष पाउने अधिकार पाएका थिए। • जेठो छोराले यो जन्म अधिकार पाउँथ्यो। •तर एसाव परमेश्वरको विशेष आशिषमा भन्दा खानेकुरामा चाखदिने व्यक्ति थिए। •

एसावले परमेश्वरलाई प्रेम गरेनन्। उनले आफैलाई प्रेम गरे। एसावले एक कचौरा मासुको लोभमा आफ्नो जेष्ठ अधिकार याकूबलाई बेचिदिए। परमेश्वरको आशिष बेचेकोमा पछि गएर एसाव धेरै दुःखित भए। परमेश्वरको आशिष सबै खानेकुराभन्दा मूल्यवान हुन्छ।

**परमेश्वरले याकूबलाई क्षमा दिनुभयो र आशिष दिनुभयो।**

• याकूबले आफ्नो परिवारको निम्ति धेरै खराब कामहरू गरे। •
उनले आफ्ना बाबुलाई भूट बोले र आफ्नो दाजुलाई छल गरे।
उनले एसावको जेष्ठ अधिकारलाई किने
र उनको आशिषलाई चोरिदिए।
• तैपनि परमेश्वरले याकूबलाई प्रेम गर्नुभयो। •

एसावले याकूबलाई मार्न चाहन्थे। एसावबाट बच्नको लागि याकूबले घर छोडेर टाढा भाग्नुपर्‍यो। याकूब जाँदाजाँदै बाटैमा परमेश्वर तिनीसँग सपनामा बोल्नुभयो।



याकूबले पृथ्वीदेखि स्वर्गसम्म पुगेको भर्‍याङ देखे। परमेश्वरले याकूबलाई आशिष दिने प्रतिज्ञा गर्नुभयो।


आफू निद्राबाट बिउँझेपछि याकूब खुशी भए। परमेश्वरले उनलाई अझै पनि प्रेम गर्नुभएको थियो।
• उनले गरेका सबै खराब कामहरूलाई परमेश्वर क्षमा दिन चाहनुहुन्थ्यो। • परमेश्वर उनीसँग गएर असल गर्नको लागि उनलाई सहायता गर्न चाहनुहुन्थ्यो।
• याकूबलाई थाह भयो कि यदि उनले परमेश्वरलाई पछ्याए भने एक दिन परमेश्वरले उनलाई स्वर्गमा लैजानुहुनेछ। •

• परमेश्वरले तपाईंको निम्ति स्वर्ग जाने बाटो बनाइदिनुभएको छ। •
स्वर्ग जाने बाटो येशूनै हुनुहुन्छ। तपाईंलाई बचाउनको निम्ति येशू मर्नुभयो।
• येशूलाई आफ्नो पूरा जीवन भरिनै पछ्याउनुहोस् र उहाँले तपाईंलाई स्वर्गमा लैजानुहुनेछ। •



• परमेश्वरले याकूबको हेरविचार गर्नुभयो। •
याकूब गोठाला बने। उनका धेरै भेडा र बाख्राहरू थिए। परमेश्वरले याकूबलाई परिवार पनि दिनुभयो।

## परमेश्वर "मैले भूल गरें" भन्नको लागि परमेश्वरले याकूबलाई सहायता गर्नुहुन्छ।




अन्तमा परमेश्वरले याकूबलाई घर फर्कने आज्ञा दिनुभयो। तर एसावले अझैपनि याकूबलाई मार्नखोजिरहेका थिए। याकूबसँग भेट गर्नको लागि एसावले ४०० मानिसहरू लिएर आए। आफूले एसावमाथि गरेको कामप्रति याकूबलाई दुःख लाग्यो। आफ्ना दाज्यूले आफूलाई क्षमा दिएको याकूब चाहन्थे।



• याकूबले परमेश्वरसँग सहायताको निम्ति प्रार्थना गरे। •
परमेश्वरले याकूबलाई क्षमा दिनुभयो।

तपाईंको विद्यार्थी संख्या........................" "

# परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ
# अन्तिम प्रश्नहरू

**निर्देशनहरू:**

१. यो पुस्तकलाई हाम्रो कार्यालयमा फेरि नफर्काउनुहोस्।
२. यस उत्तर पृष्ठलाई मात्र पठाउनुहोस्।
३. यी प्रश्नहरूका उत्तर दिँदा तपाईंले पाठहरूलाई दोहोऱ्याई पढ्न सक्नुहुन्छ।

दिइएका उत्तरहरूमध्ये ठीक उत्तरहरूको मुनि धर्को तान्नुहोस्।

**१. (पाठ १)**

यी पाठहरू किन लेखिएका हुन्?

**क.** तपाईंले आफ्नो विषयमा अझै जान्नुभएको होस् भनी सहायता पुऱ्याउन।
**ख.** परमेश्वरलाई चिन्न र उहाँलाई प्रेम गर्नलाई सहायता पुऱ्याउन।
**ग.** असल र खुशी हुनलाई सहायता पुऱ्याउन।

**२. (पाठ २)**

परमेश्वरले विश्वलाई कति दिनमा सृष्टि गर्नुभयो?

**क.** ३ दिन
**ख.** ७ दिन
**ग.** ६ दिन

**३. (पाठ ३)**

पहिलो मानिस आदमले के गरे?

**क.** कुनै पनि काम गरेनन्।
**ख.** मिलनसार जनावरहरूसँग खेलकुद गरे।
**ग.** सुन्दर बगैंचाको हेरचाह गरे।

४. (पाठ ४)
के कुराले आदम र हव्वालाई परमेश्वरबाट अलग गरायो?
क. पाप
ख. सुन्दर फूलहरू
ग. प्रेम

५. (पाठ ४)
भूल गर्नेहरूलाई पनि परमेश्वरले के अझै प्रेम गर्नुहुन्छ?
क. हो
ख. होइन, प्रेम गर्नुहुन्न
ग. कहिलेकहीं

६. (पाठ ५)
अरूहरूलाई गलती किसिमले व्यवहार गर्नेहरूलाई परमेश्वर के गर्नुहुन्छ?
क. बिर्सनुहुन्छ
ख. आशिष दिनुहुन्छ
ग. दण्ड दिनुहुन्छ

७. (पाठ ५)
कसले आफ्नो भाइलाई मार्‍यो?
क. आदम
ख. हाबिल
ग. कयिन

८. (पाठ ६)
नमरिकनै स्वर्ग जाने को थिए?
क. कयिन
ख. आदम
ग. हनोक

९. (पाठ ८)

जहाजको बाहिर बस्ने मानिसहरूमध्ये कति जना बाँचेका थिए?

क. सबै

ख. दश

ग. कोही पनि बाँचेन

१०. (पाठ ९)

तपाईंले कससँग प्रार्थना गरेको परमेश्वर चाहनुहुन्छ?

क. मानिसहरूले बनाएका देवहरू

ख. परमप्रभु परमेश्वर

११. (पाठ ९)

परमेश्वरको होइन तर आफ्नो आज्ञापालन गर्न कसले कर लगाए?

क. नूह

ख. निमरोद

ग. कयिन

१२. (पाठ १०)

कसलाई आशिष दिन्छु भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो?

क. अब्राहाम

ख. निमरोद

ग. कयिन

१३. (पाठ १०)

अब्राहाम कहाँ जन्मेका थिए?

क. कनान

ख. बाबेल

ग. ऊर

१४. (पाठ ११)

"परमेश्वरका थुमा उहाँनै हुनुहुन्छ" भनी कसले भनेको थियो?

क. यूहन्ना
ख. अब्राहाम
ग. नूह

१५. (पाठ १३)

तपाईंलाई दुःख दिएका मानिसहरूलाई के गर्नको लागि परमेश्वरले तपाईंलाई सहायता गर्नुहुन्छ?

क. क्षमा दिन
ख. दुःख दिन
ग. तिनीहरूलाई प्रेम गर्न

१६. (पाठ १४)

येशू ख्रीष्टमा विश्वास गर्ने हरेकले के पाउँछ?

क. अनन्त जीवन पाउँछ।
ख. खुशीयाली प्राप्त गर्छ।
ग. तिनीहरूका प्रार्थनाको उत्तर प्राप्त गर्छन्।

परमेश्वरलाई अझै चिन्न र अनन्त जीवन पाउनको निम्ति तपाईंले गर्नुपर्ने तीन कुराहरू के के हुन्?

१ ............................................................

२ ............................................................

३ ............................................................

**यसलाई भरेर प्रमाणपत्रको निम्ति**
**तलको ठेगानामा पठाउनु होस**


## इन्टरनेशनल करेस्पोण्डेन्स इन्स्टिट्यूट

The Assembly of God Church
Post Box - 26
DARJEELING - 734 101

• आफूले बिराएको छु भनी एसावसँग क्षमा माग्न परमेश्वरले याकूबलाई सहायता गर्नुभयो। •
याकूबलाई क्षमा दिनको निम्ति परमेश्वरले एसावलाई सहायता गर्नुभयो।
तब ती दाज्यू-भाइहरू असल मित्र बने।

**"मैले भूल गरें" भन्नलाई परमेश्वरले तपाईंलाई सहायता गर्नुहुन्छ।**

आफू दुष्ट भएकोमा के तपाईंले कहिल्यै दिक्दारीको अनुभव गर्नुभएको छ?
हुनसक्छ, तपाईंले कसैप्रति गलती व्यवहार गर्नुभयो होला।
परमेश्वरले तपाईंलाई क्षमा दिएको र आशिष दिएको तपाईं चाहनुहुन्छ।
मैले भूल गरें भनी तपाईंले प्रभुलाई बताउनुपर्छ।
तपाईंले जस जसको चित्त दुखाउनुभएको छ "मैले भूल गरें" भनी ती व्यक्तिहरूसँग पनि क्षमा माग्न तयारी हुनुपर्छ।
• परमेश्वरले तपाईंलाई क्षमा दिन र सहायता गर्न चाहनुहुन्छ। •
अरूहरूसँग फेरि मित्र बन्नको लागि परमेश्वरले तपाईंलाई सहायता गर्नुहुन्छ।



**यो प्रार्थनालाई कण्ठ गर्नुहोस्।**

मैले अरूहरूप्रति गरेको भूलको निम्ति हे प्रभु मलाई क्षमा दिनुहोस्, म प्रार्थना गर्छु। मैले भूल गरें भनी उनीहरूसँग भन्न मलाई सहायता गर्नुहोस्। आज फेरि हामीहरूलाई मित्रहरू बनाउनुहोस्।



**प्रश्नका उत्तरहरू**

१. हनोक २. नूह ३. कयिन ४. परमेश्वरको आशिष

पाठ १३

# परमेश्वर तपाईंसँग हुनुहुनेछ



**परमेश्वरको बारेमा यो सिक्नुहोस्।**

कोही मानिसहरूले परमेश्वरलाई प्रेम गर्नेहरूलाई दुःख दिने कोशिश गर्छन्।
तपाईं जहाँसुकै हुनुभए तापनि परमेश्वर तपाईंसँग हुनुहुनेछ।
परमेश्वरले तपाईंको भलाइको लागिनै सबै काम गर्नुहुनेछ।
तपाईंको चित्त दुखाउनेहरूलाई क्षमा दिनको निम्ति परमेश्वरले तपाईंलाई सहायता गर्नुहुनेछ।




यसलाई बाइबलबाट चर्को स्वरमा पाँचपल्ट पढ्नुहोस्।

**यूसुफका मालिकले उनलाई भ्यालखानमा हालिदिए ..... तर परमप्रभु यूसुफसँग हुनुहुन्थ्यो। उत्पत्ति ३९:२०, २१**

**यूसुफले भने .... "तिमीहरूले मेरो विरूद्धमा हानी गर्ने विचार गरेका थियौ, तर परमेश्वरले त्यो काम भलाइमा परिणत गर्नुभयो।" उत्पत्ति ५०:१९, २०**

## के तपाईं यो गर्न सक्नुहुन्छ?

ठीक उत्तरको वरिपरि घेरा लगाउनुहोस्।

१. कसलाई भ्यालखानमा हालियो?

 क. अब्राहाम ख. यूसुफ ग. याकूब

२. उनीसँग भ्यालखानमा को हुनुहुन्थ्यो?

 क. याकूब ख. एसाव ग. परमेश्वर

३. तपाईंको चित्त दुखाउने मानिसहरूलाई के गर्नको निम्ति परमेश्वरले तपाईंलाई सहायता गर्नुहुन्छ?

 क. क्षमा दिन ख. चित्त दुखाउन

४. कसले तपाईंको भलाइको लागि काम गर्नुहुन्छ?

 क. तपाईं ख. परमेश्वर

### यसुफका दाज्यूहरूले उनलाई दुःख दिने कोशिश गरे



• देखि • का सबै शब्दहरूका मुनि धर्को तान्नुहोस्।

याकूबका बाह्र छोराहरूमध्ये यूसुफ एक थिए। याकूबले यूसुफलाई धेरैनै माया गर्थे। उनले यूसुफलाई एउटा सुन्दर कोट दिएका थिए। यसले यूसुफका दाज्यूहरूलाई डाही तुल्यायो। तिनीहरूले यूसुफलाई घृणा गर्न थाले।

परमेश्वरले यूसुफलाई प्रेम गर्नुभयो र उनीसँग बोल्नुभयो।

• यूसुफ एक महान् शासक हुनेछन् भन्ने कुरा परमेश्वरले सपनाद्वारा यूसुफलाई देखाउनुभयो। •

• परमेश्वरले आफूलाई भन्नुभएको कुरा यूसुफले विश्वास गरे। •



उनले आफ्ना दाज्यूहरूलाई आफ्नो सपना बताए। यो सुनेपछि त उनका दाज्यूहरूले उनलाई झन् घृणा गर्नथाले।



यूसुफका दाज्यूहरूले उनलाई मार्ने षड्यन्त्र रचन थाले। तिनीहरूले उनलाई खाल्डोमा फालिदिए। तिनीहरूले उनलाई कमारा बनाएर बेचे। जङ्गली जन्तुले यूसुफलाई मार्‍यो भनी तिनीहरूले आफ्ना बाबु याकूबलाई विश्वास गर्नलगाए।

## परमेश्वर यूसुफसँग हुनुहुन्छ

यूसुफलाई किन्ने व्यापारीहरूले उनलाई टाढा देशमा लगे। तिनीहरूले उनलाई पोतिफरको कमारा हुनलाई बेचिदिए।
• तर यूसुफ पोतिफरको घरमा हुँदा परमेश्वर उनीसँग हुनुहुन्थ्यो। •
सबै काम ठीक किसिमले गर्नको लागि परमेश्वरले यूसुफलाई सहायता गर्नुभयो। परमेश्वर यूसुफसँग खुशी हुनुभयो। पोतिफर पनि यूसुफसँग खुशी थिए।

पोतिफरकी स्वास्नीले यूसुफलाई पापमा फँसाउने कोशिश गरी। तर यूसुफले पाप गर्न चाहेनन्। उनी परमेश्वरलाई प्रेम गर्थे। पोतिफरकी स्वास्नीले यूसुफको बारेमा झूटा दोष लगाई। यसैले पोतिफरले यूसुफलाई झ्यालखानमा हालिदिए।




• तर परमेश्वर यूसुफसँग हुनुहुन्थ्यो। •

**परमेश्वरले भलाइको लागिनै सबै काम गर्नुहुनेछ।**



एक दिन राजाले यूसुफलाई बोलाउन पठाए। परमेश्वर राजासँग सपनामा बोल्नुभएको थियो। तर त्यस सपनाको अर्थ के हो भन्ने कुरा राजाले बुझ्नसकेनन्। परमेश्वरले यूसुफलाई राजाको सपनाको अर्थ खोलिदिनुभयो। त्यहाँ सात वर्षसम्म प्रशस्तै उब्जनी भई सहकाल हुनेछ, र त्यसपछिका सात वर्षहरूमा ठूलो अनिकाल हुनेछ र केही अन्न उब्जने छैन। यूसुफले राजालाई सपनाको अर्थ बताइदिए।

राजाले यूसुफलाई आफ्नो देशको बडाहाकिम बनाए। सहकालका सात वर्षहरूमा यूसुफले प्रशस्तै अन्न जम्मा गरे। अनिकालका सात वर्षहरू आए। मानिसहरू अन्नको निम्ति यूसुफकहाँ आउनथाले। धेरै मानिसहरूको जीवन बचाउनको निम्ति परमेश्वरले यूसुफलाई सहायता गर्नुभयो।



**आफ्ना दाज्यूहरूलाई क्षमा दिनको निम्ति परमेश्वरले यूसुफलाई सहायता गर्नुहुन्छ।**

यूसुफका दाज्यूहरू अन्न लिनको लागि आए।

• तिनीहरूले उनको विरूद्धमा गरेका सबै खराब कुराहरूलाई बिर्सिदिनको निम्ति परमेश्वरले यूसुफलाई सहायता गर्नुभएको थियो। •

यूसुफले तिनीहरूलाई खानेकुरा दिए र बस्नको लागि असल ठाउँको बन्दोबस्त पनि गरिदिए। उनले तिनीहरूलाई माया गरे।


• परमेश्वरले भलाइको लागिनै सबै काम गर्नुभयो। •
तपाईंलाई जेसुकै भए पनि, परमेश्वरलाई प्रेम गर्नुहोस् र
उहाँसँग प्रार्थना गर्नुहोस्।

• तपाईं दुःख दिने मानिसहरूलाई क्षमा दिनुहोस्। •
परमेश्वरले तपाईंको लागिनै सबै थोक गरिदिनुहुनेछ।

**यी पाठहरूबाट तपाईंले धेरै कुराहरू सिकिसक्नुभएको छ।**



परमेश्वरले तपाईंलाई कसरी प्रेम गर्नुभयो भन्ने कुरा तपाईंले सिक्नुभएको छ। परमेश्वर महान् र असल हुनुहुन्छ भनी तपाईंले सिक्नुभयो। परमेश्वरले तपाईंलाई बनाउनुभयो र तपाईं उहाँको बालक भएको उहाँ चाहनुहुन्छ। परमेश्वर असल हुनुहुन्छ र उहाँका सन्तानहरू पनि असल भएको उहाँ चाहनुहुन्छ। तपाईं अरूहरूप्रति दयालु भएको परमेश्वर चाहनुहुन्छ। परमेश्वरले आफ्नो थुमा येशूलाई तपाईंको पापको निम्ति मर्नलाई पठाउनुभयो। परमेश्वरले तपाईंका पापहरूलाई क्षमा दिन र तपाईंलाई आशिष दिन चाहनुहुन्छ।



तपाईं उहाँसँगै स्वर्गमा रहेको परमेश्वर चाहनुहुन्छ। तपाईं जहाँ हुनुभए पनि परमेश्वरले तपाईंको हेरचाह गर्नुहुनेछ। तपाईंले अरूहरूलाई होइन तर उहाँलाई मात्रै आराधना गरेको र प्रार्थना गरेको परमेश्वरले चाहनुहुन्छ। तपाईंले उहाँलाई पछ्याएको परमेश्वर चाहनुहुन्छ।

परमेश्वरले सधैंभरि सत्य बोल्नुहुन्छ। यदि तपाईंले परमेश्वरलाई प्रेम गर्नुभयो र उहाँको आज्ञापालन गर्नुभयो भने, उहाँले सबै कुराहरूलाई ठीक मिलाउनुहुनेछ। हरेक दिन तपाईं प्रभुसँग हिँड्दा र उहाँसँग कुरा गर्दा परमेश्वरले तपाईंलाई आशिष देऊन्।

**प्रार्थना**

परमेश्वर, मलाई थाह छ कि तपाईं आफ्नो वचन बाइबलद्वारा मसँग बोल्नुहुन्छ। तपाईंले यूसुफको हेरचाह गर्नुभयो। तपाईंले अब्राहामलाई आशिष दिनुभयो। तपाईं आदम र नूहसँग हिँड्नुभयो र बोल्नुभयो। तपाईंले मलाई प्रेम गर्नुभयो। म जहाँ भएपनि तपाईं मसँग हुनुहुन्छ।



एक समयमा याकूबलाई गरेझैं तपाईंले मेरा पापहरूको क्षमा दिनुभएको छ। तपाईंको थुमाको मृत्युद्वारा मैले उद्धार पाएको छु। तपाईंले हनोकलाईझैं मलाई पनि स्वर्गमा रहनको निम्ति लैजानुहुनेछ। म तपाईंको बालक हुँ, म जहाँ भए पनि तपाईंलाई प्रेम गर्नेछु।

**प्रश्नका उत्तरहरू**

१. यूसुफ २. परमेश्वर ३. क्षमा ४. परमेश्वर

पाठ १४

# तपाईंले परमेश्वरलाई अझै चिन्नसक्नुहुन्छ



**परमेश्वरको बारेमा यो सिक्नुहोस्**

परमेश्वरलाई अझै चिन्नको निम्ति बाइबलले तपाईंलाई सहायता गर्छ।
परमेश्वरलाई अझै चिन्नको निम्ति येशूले तपाईंलाई सहायता गर्नुहुन्छ।
परमेश्वरलाई अझै चिन्नको निम्ति उहाँको आत्माले तपाईंलाई सहायता गर्नुहुन्छ।
परमेश्वरलाई अझै चिन्नको निम्ति उहाँका जनहरूले तपाईंलाई सहायता गर्नेछन्।
तपाईंले स्वर्गमा परमेश्वरलाई अझै चिन्नुहुनेछ।




यसलाई बाइबलबाट चर्को स्वरमा पाँचपल्ट पढ्नुहोस्।

**परमेश्वरका पुत्र आउनुभएको छ र हामीलाई समझ दिनुभएको छ, र यसरी हामी साँचो परमेश्वरलाई चिन्छौं।**
**१ यूहन्ना ५:२०**

**किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनुभयो, उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। यूहन्ना ३:१६**

## के तपाईं यो गर्न सक्नुहुन्छ?

बायाँपट्टि दिइएका शब्दसमूहहरूलाई दायाँपट्टि दिइएका शब्दसमूहहरूसँग जोडा मिलाउनुहोस्।


| | |
|---|---|
| १. मुक्तिदाता • | • ले उहाँलाई चिन्नको निम्ति तपाईंलाई सहायता गर्नुहुन्छ। |
| २. परमेश्वरले प्रेम गर्नुभयो • | • अनन्त जीवन पाउँछन्। |
| ३. ख्रीष्टमा विश्वास गर्ने सबैले • | • येशू ख्रीष्ट हुनुहुन्छ। |
| ४. परमेश्वरको आत्मा • | • संसारलाई। |

**परमेश्वरलाई अझै चिन्नको निम्ति बाइबलले तपाईंलाई सहायता गर्छ।**

बाइबलले तपाईंलाई परमेश्वरको बारेमा धेरै कुरा सिकाउँछ। परमेश्वरलाई अझै चिन्नको निम्ति बाइबललाई हरेक दिन पढ्नुहोस्।

• परमेश्वर आफ्नो पुस्तकद्वारा तपाईंसँग बोल्नुहुनेछ। •

**परमेश्वरलाई अझै चिन्नको निम्ति येशूले तपाईंलाई सहायता गर्नुहुन्छ।**




• परमेश्वर त्रिएक हुनुहुन्छ - परमेश्वर पिता, पुत्र येशू ख्रीष्ट, र पवित्र आत्मा। •

• यदि तपाईंसँग एक जना हुनुभयो भने तीनै जना तपाईंसँग हुनुहुन्छ। •

• हामीलाई परमेश्वर चिनाउनको निम्ति येशू मानव भएर यस पृथ्वीमा आउनुभयो। •

मरियम नाम गरेकी येशूकी आमा एक असल स्त्री थिइन्। परमेश्वर येशूको बाबु हुनुहुन्थियो।



• येशू जन्मेको समयमा स्वर्गदूतहरूले परमेश्वरको प्रशंसाका भजनहरू गाएका थिए। •
मुक्तिदाताको जन्म भएको छ भनी तिनीहरूले गोठालाहरूलाई बताए। येशूलाई भेट्टाउँदा गोठालाहरू औधी रमाए।
मानिसहरूका मुक्तिदाता हुनको लागि परमेश्वरले येशूलाई यस पृथ्वीमा पठाउनुभयो।
• मानिसहरूसँग रहनको लागि येशू आउनुभयो। •



• येशू बढ्दै जानुहुँदा उहाँले मानिसहरूलाई परमेश्वरको बारेमा बताउनुभयो। मानिसहरूका लागि उहाँले के गर्न चाहनुहुन्छ भन्ने कुरा उहाँले तिनीहरूलाई देखाउनुभयो। •
उहाँले अन्धाहरूलाई छुनुभयो र तिनीहरूलाई देख्ने बनाउनुभयो। उहाँले रोगी, कूँजो र बहिरोलाई निको पार्नुभयो। उहाँले निराश भएका मानिसहरूलाई खुशी र खराब मानिसहरूलाई असल बनाउनुभयो। उहाँले मरेकाहरूलाई पनि बिउँताउनुभयो। परमेश्वरले उहाँलाई भन्नुभएका सबै कुरा उहाँले गर्नुभयो।



• हामीहरूलाई पापबाट उद्धार गर्नको निम्ति येशू क्रूसमा मर्नुभयो। •
उहाँ गाडिनुभयो र फेरि जीवित हुनुभयो। पछि उहाँ स्वर्ग गइरहनुभएको दृश्य उहाँका मित्रहरूले देखे।
• उहाँलाई प्रेम गर्नेहरूका र जस जसले उहाँलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गरेका निम्ति उहाँ फेरि फर्केर आउनुहुन्छ। •
मरेकाहरू पनि सबै जीवित हुनेछन्।
• येशूले हामीलाई उहाँसँगै स्वर्गमा लैजानुहुनेछ। •

**उहाँलाई अझै चिन्नको निम्ति परमेश्वरका आत्माले तपाईंलाई सहायता गर्नुहुन्छ।**





आफ्ना मानिसहरूसँग रहनलाई परमेश्वरले आफ्नो आत्मा पठाउनुभएको छ। पवित्र आत्मामा परमेश्वर तपाईंसँग हुनुहुन्छ। पवित्र आत्मामा येशू तपाईंसँग हुनुहुन्छ। •परमेश्वरका आत्माले प्रार्थनामा परमेश्वरसँग बोल्न तपाईंलाई सहायता गर्नुहुन्छ। • परमेश्वरसँग कुरा गर्नाले तपाईंले उहाँलाई अझै राम्रोसँग चिन्न सक्नुहुन्छ। •पवित्र आत्मालाई तपाईंको जीवनमा आउन र बस्नको निम्ति उहाँसँग विन्ती गर्नुहोस्। • उहाँले तपाईंलाई परमेश्वरको निम्ति जिउन र उहाँलाई अझै चिन्नको निम्ति सहायता गर्नुहुनेछ।

**उहाँलाई अझै चिन्नको निम्ति परमेश्वरका जनहरूले तपाईंलाई सहायता गर्नेछन्।**



आफ्ना मानिसहरूले अरूहरूलाई उहाँको बारेमा बताएको परमेश्वर चाहनुहुन्छ। येशूलाई चिन्नेहरूले उहाँको बारेमा अरूहरूलाई बताउनुपर्छ। परमेश्वरका जनहरू परमेश्वरको वचनको अध्ययन र प्रार्थनाको निम्ति भेला हुन्छन्। परमेश्वरले तिनीहरूलाई जे गर्नुभएको छ सो कुरा तिनीहरू अरूहरूलाई बताउँछन्। • परमेश्वरको बारेमा अझै सिक्नको लागि उहाँका जनहरूसँग भेट गर्नुहोस्। परमेश्वरको बारेमा तपाईंलाई थाह भएको कुरा आफ्ना मित्रहरूलाई बताउनुहोस्, यसरी तिनीहरूले पनि उद्धार पाएर स्वर्ग जानसक्छन्। •



**तपाईंले स्वर्गमा परमेश्वरलाई अझै चिन्नुहुनेछ।**

स्वर्ग जानुभएपछि तपाईंले परमेश्वरलाई देख्नुहुनेछ। उहाँ तपाईंसँग बोल्नुभएको तपाईंले सुन्नुहुनेछ। • अहिले तपाईंले नबुझेका धेरै कुराहरूलाई त्यसबेला बुझ्नुहुनेछ। • परमेश्वर कति अचम्मको हुनुहुन्छ भन्ने कुरा तपाईंले देख्नुहुनेछ। तपाईंले परमेश्वरलाई अझै चिन्नुहुनेछ र उहाँलाई प्रेम गर्नुहुनेछ। तपाईं सधैंभरि उहाँसँगै रहनुहुनेछ।

**प्रार्थना**

तपाईंले मलाई प्रेम गर्नुभएको हुनाले, परमेश्वर म तपाईंलाई धन्यवाद दिन्छु। र कुनै दिन म तपाईंलाई मुखामुख देख्नेछु। पिता, येशू र पवित्र आत्मा ममा आउनुहोस् र जिउनुहोस्। तपाईंको बारेमा मेरा मित्रहरूलाई बताउन मलाई सहायता गर्नुहोस्। तिनीहरूले पनि तपाईंलाई चिन्न सकून् भनी म प्रार्थना गर्छु। यसरी तपाईं हाम्रो निम्ति कुनै दिन संसारमा फर्की आउनुहुँदा तिनीहरू पनि स्वर्गमा जानसकून्।



**प्रश्नका उत्तरहरू**

| | |
|---|---|
| १. मुक्तिदाता | ले उहाँलाई चिन्नको निम्ति तपाईंलाई सहायता गर्नुहुन्छ। |
| २. परमेश्वरले प्रेम गर्नुभयो | अनन्त जीवन पाउँछन्। |
| ३. ख्रीष्टमा विश्वास गर्ने सबैले | येशू ख्रीष्ट हुनुहुन्छ। |
| ४. परमेश्वरको आत्मा | संसारलाई। |



E0600NE90